गर्मी मौसममा सावधानी अपनाऔं, सुरक्षित बनौं

- प्रयास मात्रामा सफा पानी, स्वच्छ खाना तथा तरल पदार्थ सेवन गरौं,
- अत्यधिक घाममा लामो समयसम्म नबसौं,
- चर्को घाममा बाहिर निस्कँदा छाता, टोपी र पातलो कपडा प्रयोग गरौं,
- जंकफूड, बासी, सडेगलेका तथा दूषित खानेकुरा नखाऔं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा बिरामीको विशेष हेरचाह गरौं,
- तातो हावाका कारण लु का लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं,
- घर तथा कार्यस्थललाई स्वच्छ, सफा र शितल राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदूर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.
च्याम्हासिंह, भक्तपुर–९, फोन नं. ६६१४६८६

जिल्लास्तरीय भेट्रान्स डबल ब्याडमिन्टन प्रतियोगितासम्बन्धी सूचना

यस संस्थाको आयोजनामा तपसिलको मितिमा अन्तर सहकारी भेट्रान्स डबल ब्याडमिन्टन प्रतियोगिता हुने भएकोले सहभागिताको लागि अनुरोध गर्दछ ।

प्रतियोगिता

**प्रतियोगिता मिति** : २०८३/०३/२० र २१ गते
**समय** : बिहान ७:०० बजे
**स्थान** : लिबाली कवर्ड हल
**सहभागिता शुल्क** : रू. १०००।- (प्रतिटोली)
**अन्तिम दर्ता मिति** : २०८३/०३/१८ गते, बिहीबार
**उमेर** : ४५ वर्षमाथिका

आयोजक
खेलकुद उपसमिति

★ वर्ष : २८ ★ अङ्क : १५७ ★ ने. सं. ११४६ तछला थ्व, पूर्णिमा ★ सोमबार ★ १५ असार, २०८३ ★ June 29, 2026, Monday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८



पूर्वी युरोपेली देश अल्बानियाको राजधानी तिरानामा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका छोरी ज्वाइँ ज्यारेड कुशरसित जोडिएको पश्चिमी अल्बानियाको तटीय विकास परियोजनाको विरोधमा जून २७, २०२६ शनिबार साँझ भएको विशाल विरोध प्रदर्शन । उक्त परियोजनाले हजारौँ गरिब अल्बानियाली जनतालाई घरबासविहीन बनाउने बताइएको छ । *तस्बिर : एपी/हामेराल्दी एगोली*

## प्रमुख प्रजापतिसँग वीरगञ्जका व्यवसायीद्वारा भेटघाट



भक्तपुर, १४ असार । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग वीरगञ्ज महानगरपालिकाका व्यवसायीहरूले आइतबार भेटघाट गर्नुभयो ।

ख्वप कलेजको सभा कक्षामा भएको उक्त कार्यक्रममा प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाका गतिविधि र कार्यक्रमहरूबारे जानकारी गराउनुभयो ।

भक्तपुर नगर गुणस्तरीय शिक्षा प्राप्ति र स्वास्थ्य उपचारको गन्तव्यको रूपमा परिचित हुँदै आएको चर्चा गर्दै प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले दुई वटा इन्जिनियरिङ कलेज, एउटा स्नातक तहको पढाइ हुने कानुन कलेजसहित ७ वटा शैक्षिक संस्थाहरू सञ्चालन गरी सर्वसाधारण जनताले समेत अध्ययन गर्न सक्ने गरी कम शुल्कमा उच्च शिक्षा प्रदान गरिरहेको र देशभरिका ७,५०० भन्दा बढी विद्यार्थीहरू ख्वप कलेजहरूमा अध्ययन गरिरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "भक्तपुर नगरपालिकाले सञ्चालन गरिरहेको ख्वप अस्पतालमा दैनिक १२०० देखि १३०० जनाले स्वास्थ्य उपचार पाइरहेका छन्, अस्पतालमा रू. १००। मा विशेषज्ञ सेवा उपलब्ध गराउँदै आएको छ । दैनिक २० वटा भन्दा बढी साना–ठुला विभिन्न रोगको शल्यक्रिया हुनेगर्छ । ख्वप अस्पतालले छिट्टै नै एमआरआई सेवा उपलब्ध गराउँदै छ ।"

ख्वप अस्पतालले आ.व. २०८२/८३ मा १६,००० सिलिन्डर अक्सिजन निःशुल्क वितरण गरेको जानकारी गराउँदै प्रमुख प्रजापतिले नगरवासीले अक्सिजन, रगत र शववाहन सेवा निःशुल्क रूपमा पाइरहेको बताउनुभयो ।

प्रत्येक वडामा घरदैलो नर्सिङ सेवा विस्तार भइरहेको र असहाय तथा ज्येष्ठ नागरिकलाई घरघरमा गई उपचार गराउने व्यवस्था गर्दै आएको प्रमुख प्रजापतिले उल्लेख गर्नुभयो ।

शैक्षिक गुणस्तर वृद्धिको लागि सामुदायिक विद्यालयमा निजी शिक्षक बन्दोबस्त गर्न नगरपालिकाको आर्थिक सहयोग गर्नुका साथै नगरपालिकाले उपलब्ध गराउँदै आएको शैक्षिक ऋणबारे प्रमुख प्रजापतिले जानकारी गराउनुभयो ।

नगरपालिकाको विकास निर्माणमा नगरवासीको सक्रिय सहयोग हुने र सम्पदा निर्माणमा अझ विशेष सहयोग हुने जानकारी गराउँदै उहाँले आफ्नो कार्यकालमा नगरपालिकाको आफ्नै स्रोतमा १७८ सम्पदाको पुनःनिर्माण गरिसकेको बताउनुभयो ।

*बाँकी पृष्ठ ८ मा*

# इरानी विदेशमन्त्रीको चेतावनी : हर्मुज जलमार्गमा हुने कुनै पनि चुनौतीले 'तनाव बढाउनेछ'

बग्दाद, १४ असार (एएफपी) । मध्यपूर्व युद्ध समाप्त गर्न शान्ति वार्ता चलिरहेको अवस्थामा पनि रणनीतिक महत्त्वको स्ट्रेट अफ हर्मुजमाथि इरानको नियन्त्रणलाई कुनै चुनौती दिएमा इरानले यसको सशक्त प्रतिकार गर्ने बताएको छ । रणनीतिक महत्त्वको स्ट्रेट अफ हर्मुजमाथि इरानको नियन्त्रणलाई कुनै चुनौती दिएमा तनाव बढ्ने इरानका विदेशमन्त्रीले आइतबार चेतावनी दिनुभएको हो ।



"इस्लामिक गणतन्त्र इरानले अघि बढाइरहेको भन्दा फरक वा नयाँ व्यवस्था अपनाउने कुनै पनि प्रयासले हर्मुज जलडमरू पुनः खोल्ने प्रक्रियालाई जटिल बनाउने, ढिलाइ गर्ने र तनाव बढाउने मात्र काम गर्नेछ, जसलाई हामीले पछिल्ला दुई रातमा देखिसकेका छौँ," इरानी विदेशमन्त्री अब्बास अराघचीले बगदादको भ्रमणको क्रममा गरेको पत्रकार सम्मेलनमा भन्नुभयो ।

तेहरानका शीर्ष कूटनीतिज्ञले हालैका दिनमा दुवै पक्षबिच आक्रमणको आदानप्रदान भएपछि सबै पक्षलाई 'समझदारी पत्रलाई पालना गर्न र यसबाट विचलित नहुन' आह्वान गर्नुभएको हो ।

विदेशमन्त्री अराघचीले अमेरिकी आक्रमणको जवाफमा खाडी क्षेत्रमा रहेका अमेरिकी आधारहरूमा इरानी आक्रमणपछि आइतबार खाडी देशहरूसँग सुरक्षा ढाँचा निर्माण गर्न पनि आह्वान गर्नुभयो ।

"हामीले यस क्षेत्रका सबै देशहरूलाई समेट्ने र क्षेत्र बाहिरका कुनै पनि देशको उपस्थिति वा हस्तक्षेपबिना नयाँ सुरक्षा ढाँचा निर्माण गर्नुपर्छ," अब्बास अराघचीले भन्नुभयो ।

## व्यङ्ग्यचित्र कुनो




## के 'गाँसे गुसे एकै नासे' हो ?

नेपालको पर्सा जिल्लास्थित वीरगञ्ज भन्सार कार्यालयले चालू आर्थिक वर्षको ११ महिनामा २ खर्ब ३१ अर्ब ७८ करोड राजस्व सङ्कलन गरेको सार्वजनिक भयो ।

सरकारले चालू आवको १२ महिनामा २ खर्ब ७३ अर्ब ३९ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य राखेको छ ।

सरकारले यति राजस्व उठाउन कति खर्बको आयात गरेको छ, यो पनि सार्वजनिक गरे देशको अर्थ व्यवस्थाबारे नेपाली जनता थप शिक्षित हुनेछन् ।

राजस्व धेरै उठ्नुको अर्थ नेपालको परनिर्भरता बढ्नु हो । सरकारले नेपाललाई आत्मनिर्भर बनाउनु जरुरी हुन्छ । पुराना सरकारहरूले नेपाललाई आत्मनिर्भर बनाउन सकेनन् । रास्वपा घण्टीको नयाँ सरकार पनि पुरानै सरकारको थोत्रो बाटोमा हिँडेको छ । मुखले नयाँ भनेर पुग्दैन, कामले नयाँ हुनु आवश्यक छ ।

अर्थमन्त्री स्वर्णिम वाग्लेले बजेटका करको दर चुहावट गरेको सार्वजनिक भइरहेको छ । यो अनियमिततातर्फ रास्वपा घण्टीका समर्थकहरू मौन छन् । के 'गाँसे गुसे एकै नासे' यही हो र ?

# भक्तपुर नगरपालिकाद्वारा अपाङ्गता भएका व्यक्तिहरूलाई झुल वितरण

भक्तपुर, १४ असार । भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर नगर क्षेत्रभित्रका अपाङ्गता भएका व्यक्तिहरूलाई झुल वितरण कार्यक्रम सम्पन्न भएको छ ।



कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरणसम्बन्धी अस्थायी समन्वय समितिका संयोजक एवं उपप्रमुख रजनी जोशीले संविधानले प्रत्याभूत गरेका अधिकारअनुसार नगरभित्रका अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य तथा आवश्यकतालाई ध्यानमा राख्दै नगरपालिकाले अपाङ्गता सहायक सामग्री वितरण गरिँदै आएको बताउनुभयो ।

केन्द्र तथा प्रदेश सरकारबाट प्राप्त बजेट घट्दै गए पनि भक्तपुर नगरपालिकाले आफ्नै स्रोतबाट बजेट व्यवस्थापन गर्दै अपाङ्गता दिवसको अवसरमा विविध कार्यक्रम, खेलकुद, स्वास्थ्य शिविर तथा सर्वोत्तम पिठो वितरणजस्ता कार्यक्रम सञ्चालन गर्दै आएको उहाँले जानकारी दिनुभयो । उहाँले पछिल्लो समय अटिजमको समस्या बढ्दै गएको भन्दै यसतर्फ विशेष ध्यान दिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

समितिका सदस्य एवं वडा नं १ का वडा अध्यक्ष श्यामकृष्ण खत्रीले वडाको सिफारिस तथा मागका आधारमा सहायक सामग्री वितरण गर्दै आएको चर्चा गर्दै नगरपालिकाले अपाङ्गतासम्बन्धी कार्यक्रमलाई वार्षिक कार्यक्रममा समावेश गरेको, साङ्केतिक भाषा तालिम सञ्चालन तथा संविधानले सुनिश्चित गरेका अधिकार कार्यान्वयनका लागि निरन्तर काम गरिरहेको जानकारी दिनुभयो ।

अतिथि डा. रत्नसुन्दर लासिवाले वर्षायाममा डेङ्गुलगायत लामखुट्टेबाट सर्ने रोगको जोखिम बढ्ने भएकोले समयमै सचेत हुनुपर्ने बताउनुभयो । उहाँले अनावश्यक रसायनको प्रयोगबाट सावधानी अपनाउन, लामखुट्टेको लार्भा नष्ट गर्ने अभियानमा सहभागी हुन तथा रोग नियन्त्रणका लागि पूर्वतयारी गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले डेङ्गुको जोखिमलाई गम्भीर रूपमा लिनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रमका अतिथि तथा अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरणसम्बन्धी अस्थायी समन्वय समितिका सदस्य हिमालयश्वरलाल मूलले डेङ्गु रोगको जोखिम बढ्दै गएकोले घर-आँगन वरपर पानी जम्न नदिन आग्रह गर्नुभयो । उहाँले अपाङ्गता भएका व्यक्तिहरूले वडा कार्यालयसँग नियमित समन्वय गर्नुपर्ने तथा समितिको भूमिका परिचयपत्र वितरणमा मात्र सीमित नभई उनीहरूको जीवनयापन सहज बनाउन पनि केन्द्रित हुनुपर्ने बताउनुभयो ।

उक्त कार्यक्रममा कार्यपालिका सदस्य रोशनमैँया सुवालले बोल्नुभएको थियो । कार्यक्रमको समापनपछि उपप्रमुख रजनी जोशीले अपाङ्गता भएका व्यक्तिहरूलाई झुल हस्तान्तरण गर्नुभएको थियो ।

# तीनमहिने धिमे बाजा प्रशिक्षण शुभारम्भ




भक्तपुर, १४ असार । बाराही बचत तथा ऋण सहकारी संस्था लि.को सांस्कृतिक तथा खेलकुद उपसमितिको आयोजनामा तीनमहिने धिमे बाजा प्रशिक्षण कार्यक्रम आइतबारबाट सुरु भएको छ ।

कार्यक्रममा संस्थाका अध्यक्ष राधेश्याम सुवालले धिमे बाजा भक्तपुरको मौलिक पहिचान र सांस्कृतिक गौरव भएको उल्लेख गर्दै यसको संरक्षणका लागि युवा पुस्ताको सक्रिय सहभागिता आवश्यक रहेको बताउनुभयो ।

उहाँले सहकारीले आर्थिक सेवा सँगसँगै सामाजिक, सांस्कृतिक तथा सीपमूलक कार्यक्रम सञ्चालन गर्दै सामाजिक उत्तरदायित्व निर्वाह गर्दै आएको छ भन्नुभयो ।

व्यवस्थापक शिवजी हाकुदुवालले सहकारी केवल बचत तथा ऋणमा सीमित नभई सदस्य तथा समुदायको समग्र विकासमा केन्द्रित रहेको बताउनुभयो ।

कार्यक्रमका सभापति सृजन ग्वाछ्वाले धिमे बाजा तालिम सञ्चालनका लागि सहयोग गर्ने सम्पूर्ण पक्षप्रति आभार व्यक्त गर्दै सहभागीहरूलाई लगनशीलताका साथ तालिम पूरा गरी सिकेको सीपलाई व्यवहारमा उतार्न आग्रह गर्नुभयो ।

प्रशिक्षक रभिम कपालीले धिमे बाजाको आधारभूतदेखि व्यावहारिक अभ्याससम्म व्यवस्थित रूपमा प्रशिक्षण प्रदान गरिने जानकारी दिनुभयो ।

नियमित अभ्यास, अनुशासन र निरन्तर प्रयासबाट सहभागीहरू दक्ष धिमे बाजा वादक बन्न सक्ने बताउँदै उहाँले सम्पूर्ण प्रशिक्षार्थीलाई उत्साहका साथ तालिममा सहभागी हुन आग्रह गर्नुभयो ।

कार्यक्रममा सांस्कृतिक तथा खेलकुद उपसमितिका सदस्य अमित खोंजु र स्वागत मन्तव्य कर्मचारी मिनु थुयाजुले गर्नुभएको थियो ।

# कडा प्रतिबन्ध र राजनीतिक तनावका बिच इरान विश्व कपबाट बाहिर, कप्तान र प्रशिक्षकद्वारा आयोजकको तीव्र आलोचना

मेक्सिको सिटी, १४ असार (एजेन्सी) । राजनीतिक तनाव र कडा अमेरिकी प्रतिबन्धहरूको सामना गरिरहेको इरानी फुटबल टोली फिफा विश्वकप २०२६ को समूह चरणबाटै दुर्भाग्यपूर्ण रूपमा बाहिरिएको छ ।

मैदान भित्र र बाहिर दुवैतर्फ चरम उथलपुथलका बिच खेलिरहेको इरान अन्तिम ३२ (राउन्ड अफ ३२) मा पुग्नबाट मात्र एक स्थानले चुकेको हो । समूह 'जी' मा रहेको इरानले बेल्जियम, न्युजिल्यान्ड र इजिप्टविरुद्धका खेलहरू बराबरी (ड्र) खेल्दै कुल तीन अङ्क जोडेर तेस्रो स्थानमा चित्त बुझाउनुपर्यो ।

शनिबार राति अल्जेरियाले स्टपेज टाइममा सानदार गोल गर्दै अस्ट्रियाविरुद्ध ३-२ को अग्रता बनाएपछि इरान टाइब्रेकरका आधारमा अर्को चरणमा पुग्ने बलियो सम्भावना देखिएको थियो । तर, खेलको अन्तिम क्षणमा अस्ट्रियाले बराबरी गोल फर्काएपछि खेल ड्र भयो र यसैसँग इरानको विश्वकप यात्रामा पूर्णविराम लाग्यो ।

इरानी टोली यस्तो समयमा विश्वकप खेलिरहेको थियो, जब यसै वर्ष सुरु भएको युद्धलाई स्थायी रूपमा अन्त्य गर्ने उद्देश्यका साथ अमेरिकासँग सम्झौताका लागि वार्ता भइरहेको छ । शनिबार इरानले अमेरिकी नौसेनाको पाँचौँ बेडा तैनाथ रहेको बहराइनलाई निशाना बनाएर ड्रोन आक्रमण गरेपछि राजनीतिक तनाव थप चुलिएको थियो, जसलाई अमेरिकाले रातभर गरेको हवाई आक्रमणको जवाफका रूपमा हेरिएको थियो ।

त्यसको केही घण्टापछि अमेरिकाले होर्मुज स्ट्रेट नजिकै एउटा जहाजलाई निशाना बनाएको आरोप लगाउँदै इरानका कैयौँ सैन्य ठेगानाहरूमा आक्रमण गरेको दाबी गरेको थियो । 'न्यूयोर्क टाइम्स' को रिपोर्टअनुसार राजनीतिक लडाइँ र युद्धका कारण लागेका पाबन्दीहरू इरानी खेलाडी र स्टाफका लागि ठुलो बोझ बनेका थिए ।

इरानले प्रतियोगिता अघि अभ्यास खेलका लागि कुनै टोली पाउन सकेन भने अमेरिकी भिसाका लागि महिनौँ कुर्नुपरेको थियो, जसमा दर्जनौँ स्टाफको भिसा अस्वीकृत भयो । वास्तवमा, अमेरिका र इजरायलले गत २८ फेब्रुअरीमा इरानमाथि आक्रमण गरेर युद्धको सुरुवात गरेका थिए, जसको जवाफमा इरानले अरब देशहरूमा आक्रमण गर्दै होर्मुजमा आफ्नो नियन्त्रण बलियो बनाउने प्रयास गरेको थियो ।

मार्च महिनामा इरानले आफ्ना खेलहरू कूटनीतिक सम्बन्ध रहेको मेक्सिकोमा गराउन माग गरेको थियो । टोलीको बेस क्याम्प एरिजोनाको टक्सनबाट परिवर्तन गरी मेक्सिकोको टिजुआना गर्ने अनुरोध टोली पुग्नु दुई हप्ताअघि स्वीकृत भएको थियो । शनिबार बाहिरिएपछि इरानी टोलीले मेक्सिकोप्रति आभार व्यक्त गर्दै बयान जारी गरेको छ ।

इरानका कप्तान मेहदी तारेमीले सन् २०२६ को फिफा विश्वकपमा आफ्नो टोलीसँग गरिएको व्यवहारलाई 'अनुचित' भन्दै तीव्र आलोचना गरेका छन् र यसलाई "सबैभन्दा खराब विश्वकप" को संज्ञा दिएका छन् । तारेमीले भने, "यहाँ हरेक समस्याको समाधान गरिनु पर्दथ्यो, तर दुर्भाग्यवश सुरुदेखि नै उनीहरूले समस्या सुल्झाउन सकेनन् ।"

उनले अन्य टोलीहरूलाई पूर्ण लजिस्टिक सहायता उपलब्ध गराउँदा इरानका धेरै सहयोगी स्टाफलाई अमेरिकी भिसा नदिइएको र सिएटल तथा टिजुआनाबिचको लगातारको यात्राले खेलाडीहरूलाई 'रिकभरी' को समय नै नदिएको भन्दै आक्रोश व्यक्त गरे ।

यसैगरी, लस एन्जलस नजिक खेलिएका पहिलो दुई खेलका लागि टोलीलाई खेलको अघिल्लो दिनसम्म यात्रा गर्ने अनुमति थिएन र हरेक खेल लगत्तै मेक्सिको फर्किनु पर्ने बाध्यता थियो । पछि अमेरिकाले केही प्रतिबन्ध खुकुलो पार्दै इजिप्टविरुद्धको खेलका लागि दुई दिन अघि सियाटल जाने अनुमति दिएको थियो ।

पहिलो खेलका क्रममा सयौँ इरानी-अमेरिकीहरूले स्टेडियम बाहिर तेहरानमा परिवर्तनको माग गर्दै प्रदर्शन गरेका थिए भने स्टेडियम भित्र राष्ट्रगानका समयमा ताली र हुटिङ दुवै सुनिएको थियो । यदि इरान अर्को चरणमा पुगेको भए उसको आगामी खेल ब्रिटिश कोलम्बियाको भ्यानकुभरमा हुने थियो ।

इजिप्टविरुद्धको खेल बराबरीमा सकिएपछि इरानका मुख्य प्रशिक्षक अमीर गालेनोईले आयोजकले उनीहरूसँग निकै नराम्रो व्यवहार गरेको बताए । उनले भने, "यी युवा इरानी खेलाडीहरूले जे गरे, त्यो इतिहासमा दर्ता हुनुपर्छ । किनभने आयोजकले हाम्रो साथमा सबैभन्दा खराब सम्भावित व्यवहार गर्यो ।"

गालेनोईले प्रतियोगिताका अन्य ४७ जना प्रशिक्षकहरूलाई मैदान बाहिरका चुनौतीहरूबारे एउटा प्रश्न सोधेको तर कसैले पनि जवाफ नदिएको र कतैबाट समर्थन नपाएको गुनासो गरे । यद्यपि, बेल्जियमका प्रशिक्षक रूडी गर्सियाले आफ्नो प्रेस कन्फरेन्समा "हामी यहाँ फुटबलका लागि हौँ, राजनीतिको लागि होइन" भनेको कुरा उनले उल्लेख गरे ।

गालेनोईले उनीहरूको गुनासो राजनीतिको नभई विश्वकप आयोजकको व्यवहारको विरुद्धमा रहेको स्पष्ट पारे । उनले शुक्रबार फिफाले आफूलाई फोन गरेर सोही दिन साँझ अमेरिकाका लागि उडान (फ्लाइट) को व्यवस्था मिलाइदिए तयार हुने कि नहुने भनी सोधेको तर साँझ ७ बजेसम्म पर्खिँदा पनि त्यो योजना पूरा हुन नसकेको र फिफाले माफी मागेको खुलासा समेत गरे। अमेरिकी अधिकारीहरूले भने प्रतियोगिता सुरु हुनुअघि नै सबै प्रतिबन्धहरूको बारेमा जानकारी गराइसकिएको दाबी गरेका छन् ।

# मध्यपुर नपा वडा नं. ८ मा फोहर व्यवस्थापनसम्बन्धी तीनदिने तालिम

मध्यपुर थिमि (बोडे), १४ असार । मध्यपुर थिमि नगरपालिका वडा नं. ८ को आयोजनामा बोडेस्थित नर्थ पोइन्ट महलको सभाकक्षमा दिगो फोहरमैला व्यवस्थापन तथा बानी-व्यवहार परिवर्तनसम्बन्धी तीनदिने तालिम सञ्चालन भइरहेको छ । असार १२ गतेदेखि सुरु भएको तालिम असार १४ गतेसम्म सञ्चालन हुनेछ ।

स्थानीय समुदायलाई लक्षित गरी सञ्चालन गरिएको तालिममा विभिन्न समूहका सहभागीहरूको सक्रिय सहभागिता रहेको छ । तालिमको उद्देश्य फोहर व्यवस्थापनसम्बन्धी जनचेतना अभिवृद्धि गर्नुका साथै फोहरलाई उपयोगी स्रोतका रूपमा प्रयोग गर्ने सीप विकास गर्नु रहेको आयोजकले जनाएको छ ।

कार्यक्रममा वडा नं. ८ का वडा सदस्य सुरेन्द्र था श्रेष्ठले फोहरलाई उचित व्यवस्थापन गरी 'फोहरलाई मोहर' बनाउन सकिने ज्ञान र सीप प्रदान गर्ने उद्देश्यले तालिम आयोजना गरिएको बताउनुभयो । उहाँले असार १५ गते हरियाली प्रवर्द्धनका लागि गमलामा बिरुवा रोप्ने कार्यक्रमसमेत आयोजना गरिएको जानकारी दिनुभयो ।

तालिमका प्रशिक्षक सुरेन्द्र लामिछानेले फोहर व्यवस्थापन तथा बानी-व्यवहार परिवर्तनसम्बन्धी प्रशिक्षण दिँदै फोहरलाई छुट्याएर विभिन्न उपयोगी सामग्री उत्पादन गरी आयआर्जन गर्न सकिने सम्भावना रहेको बताउनुभयो ।

अन्तर्राष्ट्रिय प्रशिक्षक ज्ञानबज्र महर्जनले फोहर वर्गीकरण, जैविक फोहरबाट कम्पोस्ट मल उत्पादन गर्ने विधि तथा दिगो फोहर व्यवस्थापनका व्यावहारिक पक्षबारे प्रशिक्षण दिनुभयो ।

तालिममा सहभागीहरूलाई दुई समूहमा विभाजन गरी "फोहर व्यवस्थापन नगर्दा के-के समस्या उत्पन्न हुन्छ ?" भन्ने विषयमा समूह छलफल तथा प्रस्तुतीकरण गराइएको थियो । समूह नं. १ का तर्फबाट सरिता श्रेष्ठले प्रस्तुतीकरण गर्नुभएको थियो ।

कार्यक्रमको समन्वय लक्ष्मीप्रसाद घिमिरेले गर्नुभएको थियो । उहाँले 'सरसफाइ सभ्यताको परिचय हो' भन्दै प्रत्येक नागरिकले घर, टोल र समुदायलाई सफा राख्न योगदान गर्नुपर्नेमा जोड दिनुभयो ।

असार १५ गते वडा नं. ८ का विभिन्न विद्यालयका विद्यार्थीहरूको सहभागितामा हरियाली प्रवर्द्धन तथा वृक्षरोपण कार्यक्रम आयोजना गरिने वडा सदस्य सुरेन्द्र था श्रेष्ठले जानकारी दिनुभयो ।

# सहकारी (पहिलो संशोधन) विधेयक स्वीकृत

काठमाडौँ, १४ असार । प्रतिनिधिसभाको आजको दोस्रो बैठकमा 'सहकारी (पहिलो संशोधन) विधेयक, २०८३' लाई विचार गरियोस् भन्ने बहुमतले स्वीकृत भएको छ । अध्यादेशलाई प्रतिस्थापन गर्न ल्याइएको सो विधेयकमाथिको सैद्धान्तिक छलफलपछि निर्णयार्थ पेस गर्दा स्वीकृत भएको हो । सो विधेयकमाथि संशोधन गर्न चाहने सांसदका लागि सङ्घीय संसद्को विधेयक शाखामा प्रस्ताव पेस गर्न आग्रह गरिएको छ । भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले सो विधेयक विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएको थियो ।

छलफलमा उठेका प्रश्नमाथि जवाफ दिँदै मन्त्री रावलले सहकारी क्षेत्रलाई व्यवस्थित र प्रभावकारी बनाउँदै सहकारीबाट पीडितको रकम फिर्ता गराउन विधेयक ल्याइएको बताउनुभयो । उहाँले सहकारी समस्यालाई वास्तविक रूपमै समाधान गर्न सरकार कटिबद्ध भएको बताउँदै विगतकै सरकारको योजनाअनुसार चक्रीय राहत कोष खडा गरिएको जानकारी दिनुभयो ।

छलफलमा सांसदहरू नरेन्द्रकुमार केरूङ, अशोककुमार चौधरी, समीक्षा बास्कोटा, बासना थापा, गङ्गालक्ष्मी अवाल, खड्कबहादुर शाही, हरिमोहन भण्डारी, गणेशबहादुर विश्वकर्मा, वलावती शर्मा, बदनकुमार भण्डारी, साजिदा खातुन सिद्धिकीले भाग लिनुभयो ।

सांसदहरूले सहकारीलाई आर्थिक रूपान्तरणको खम्बाका रूपमा स्थापित गर्दै यसलाई व्यवस्थित र पारदर्शी गर्नुपर्ने बताउनुभयो । रासस

सङ्क्षिप्त समाचार

# प्रतिनिधिसभाबाट राष्ट्र ऋण उठाउने विधेयक पारित

काठमाडौँ, १४ असार । प्रतिनिधिसभाबाट राष्ट्र ऋण उठाउने विधेयक, २०८३ पारित भएको छ । सभाको आइतबारको बैठकमा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले राख्नुभएको सो 'विधेयकलाई पारित गरियोस्' भन्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भएको हो । उक्त विधेयकमाथिको दफावार छलफलमा उठेका प्रश्नको जवाफ दिँदै अर्थमन्त्री वाग्लेले ऋण लिएर उत्पादनमूलक आयोजनामा खर्च गरिने बताउनुभयो । "विदेशी ऋण पूर्वाधार आयोजनाका लागि तोकिएर आउँछन्, ती आयोजनाले अर्थतन्त्रका गतिविधिलाई चुस्त बनाउने, दूरी छोट्याउने र लागत घटाउने काम गरेको हुन्छन्", उहाँले भन्नुभयो, "तर, ऋण लिएर निर्माण गरिएको दुई वटा अन्तरराष्ट्रिय विमानस्थलको अवस्थाले फरक परिदृश्य देखाएको छ, हामीले निगरानी गर्नैपर्छ ।"

त्यसअघि बैठकमा सभामुख डोलप्रसाद अर्यालले विधेयकमाथि प्राप्त संशोधनलाई निर्णयार्थ प्रस्तुत गर्नुभएको थियो । सांसद परशुराम तामाङ र रेखाकुमारी यादवले राख्नुभएको संशोधन प्रस्ताव बैठकले अस्वीकृत गरेको थियो भने सांसद हरिप्रसाद भुसालले आफ्नो संशोधन फिर्ता लिनुभयो । प्रतिनिधिसभाको बैठक आइतबारै १५ मिनेटपछि बस्नेछ ।

**प्रतिनिधिसभाबाट आर्थिक विधेयक पारित**

त्यस्तै प्रतिनिधिसभाबाट आर्थिक विधेयक, २०८३ पारित भएको छ । सभाको आइतबारको बैठकमा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले राख्नुभएको सो विधेयकलाई पारित गरियोस् भन्ने प्रस्ताव बहुमतबाट पारित भएको हो ।

सांसदहरूरु हरिप्रसाद भुसाल र सुशील खड्काले सो विधेयकमाथि राख्नुभएको संशोधन फिर्ता लिनुभयो । सांसदहरू गङ्गालक्ष्मी अवाल, डा. पुष्पराज कँडेल, हर्कराज राई, पार्वती विक र नरेन्द्रकुमार केरुङले उक्त विधेयकमाथि राख्नुभएको संशोधन बहुमतले अस्वीकृत गरेको थियो ।

प्रतिनिधिसभामा 'राष्ट्र ऋण उठाउने विधेयक, २०८३' माथि दफावार छलफल जारी छ । *(रासस)*

# ट्राफिक कारबाहीमा पाँच लाख ११ हजार राजस्व सङ्कलन

काठमाडौँ, १४ असार । बितेका २४ घण्टामा एक हजार ९२२ सवारीचालक सवारी नियम उल्लङ्घनको कारबाहीमा परेका छन् । यसबाट राज्यकोषमा रु. पाँच लाख ११ हजार ५०१ राजस्व दाखिला भएको छ ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार मादकपदार्थ सेवन गरेको ९२, नियमविपरीत 'राइड सेयरिङ' गरेका ७८, सङ्केत बत्ती उल्लङ्घनकर्ता १२९ र तीव्रगतिमा सवारीसाधन हुइँक्याएका १३९ जनालाई कारबाही गरिएको हो ।

यसैगरी, 'लेन' अनुशासन पालना नगर्ने ४१, निषेधित क्षेत्रमा हर्न बजाउने ६७, कालो सिसायुक्त सवारीसाधन सञ्चालन गर्ने १०, एकतर्फी सडकमा सवारीसाधन चलाउने ७० र अन्य सवारी नियम पालना नगरेका एक हजार २९६ जनालाई कारबाही गरिएको हो । *(रासस)*



**कर्णाली नदीमा झोलुङ्गे पुल**

कैलालीको टीकापुर र बर्दियाको राजापुर नगरपालिका जोड्न दौलतपुरस्थित कर्णाली नदीमा हालै निर्माण सम्पन्न भएको झोलुङ्गे पुल । पुल निर्माण भएपछि आवागमन गर्ने यात्रुसहित पुलको अवलोकन गर्न आउने स्थानीयको सङ्ख्या बढ्दो छ । *तस्बिर : झलनाथ खनाल / रासस*

# कर्णाली नदीमा झोलुङ्गे पुल बनेपछि आन्तरिक पर्यटकको घुइँचो

भजनी (कैलाली) १४ असार । कैलालीको टीकापुर नगरपालिका र बर्दियाको राजापुर नगरपालिका जोड्ने दौलतपुरस्थित कर्णाली नदीमा झोलुङ्गे पुल निर्माण भएपछि आन्तरिक पर्यटकको घुइँचो बढेको छ ।

केही दिनअगाडि मात्रै पुलको काम सम्पन्न भएर आवागमन सञ्चालन भएपछि कर्णाली नदी, आसपासका फाँटको सुन्दरता अवलोकन गर्न तथा गर्मी छल्न आउने आन्तरिक पर्यटकको घुइँचो बढेको हो ।

"गर्मी बढी छ, साँझको समयमा शीतलताका लागि पुलको अवलोकन गर्न जान्छौँ", टीकापुर-५ का किरण चौधरीले भन्नुभयो, "यहाँ सोचेभन्दा बढीको सङ्ख्यामा आगन्तुकको घुइँचो हुँदोरहेछ ।"

पुलमा तस्बिर लिन तथा श्रव्यदृश्य सामग्री बनाउनेलाई व्यावसायिक फोटोग्राफरका रूपमा सेवा दिँदै आइएको उहाँले बताउनुभयो । "पहिले टीकापुर पार्क, बर्दियाको इन्टेक क्षेत्रमा फोटोग्राफीको काम गर्दै आएका थियौँ", बर्दियाका राजेश चौधरीले भन्नुभयो, "केही दिनदेखि यहाँ पुल अवलोकन गर्न आउने पर्यटकको आगमन बढेसँगै प्रशस्त आम्दानी पनि भइरहेको छ, अन्यत्र जानु परेको छैन ।"

पुल बनेपछि आन्तरिक पर्यटकका लागि मात्रै नभई कैलालीको टीकापुर र बर्दियाको राजापुरसँगको दूरी नजिकिएको छ । पुल बनेपछि करिब २४ किलोमिटरको दूरी १५ किमीमा छोटिएको छ भने डुङ्गामा जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यता सधैंका लागि हटेको छ ।

"दुई जिल्लाको पर्यटकीय सम्भावनालाई जोड्नुका साथै स्थानीय नागरिकलाई आवागमनमा सहजता भएको छ", स्थानीय प्रेमप्रसाद भण्डारी भन्नुभयो, "पुलसँग नजिकै रहेको टीकापुर पार्कमा पनि आन्तरिक पर्यटकको सङ्ख्या वृद्धि हुने अपेक्षा छ । यसले पर्यटन प्रवर्द्धन हुनुका साथै स्थानीयको आयआर्जन वृद्धि हुने अपेक्षा छ ।" उहाँले पर्यटन प्रवर्द्धनसँगै टीकापुर र राजापुर क्षेत्रका नागरिकको दैनिक जीवन सहज हुने विश्वास व्यक्त गर्नुभयो ।

विसं २०८४ असार ११ गतेसम्म समय पाएको थानी निर्माण सेवाले एक वर्षमा काम सम्पन्न गरेको जनाएको छ । विसं २०८२ असार ११ गते सम्झौता भएको उक्त आयोजनाको काम सम्पन्न भई पुल सञ्चालन भएको निर्माण कम्पनीका प्रबन्धक विक्रम बस्नेतले जानकारी दिनुभयो । "पुलको काम सम्पन्न गरेर आवागमन सञ्चालन भइसकेको छ", उहाँले भन्नुभयो, "अब हस्तान्तरणको तयारी पनि हुँदैछ ।"

यही असार १२ गते पुल उद्घाटन गर्ने तयारी भएकामा विविध कारणले रोकिएको थियो । करिब रु. १५ करोड ७३ लाख ९५ हजार ५२८ को लागतमा बनेको उक्त पुलको लम्बाइ ४८२ मिटर रहेको कम्पनीका प्रबन्धक बस्नेतले जानकारी दिनुभयो ।

"आवतजावतको सहजतमा मात्रै नभई कर्णाली नदीमा बनेको पुल पर्यटकको आकर्षण केन्द्र बन्न सक्ने सम्भावना छ", स्थानीय सुन्दरलाल थारुले भन्नुभयो, "त्यसो हुँदा अन्य व्यावसायिक गतिविधि बढ्ने र स्थानीयको आम्दानीमा वृद्धि हुने अपेक्षा गर्न सकिन्छ ।"

यसैगरी, कर्णाली नदीमा दुई वटा पुल निर्माणसम्पन्न भएका छन् । टीकापुर नगरपालिका हुँदै बर्दियाको गेरुवा गाउँपालिका जोड्ने सन्कट्टीस्थित कर्णाली नदीमाथि पनि पक्की पुल निर्माणसम्पन्न भएर आवागमन सञ्चालन भइसकेको छ । *(रासस)*

# उपचारका लागि अस्पतालमा 'ट्रयाज प्रणाली' लागू

लुम्बिनी, १४ असार । लुम्बिनी प्रादेशिक अस्पतालले बिरामीको बढ्दो चापलाई व्यवस्थित गर्न आकस्मिक कक्षमा 'ट्रयाज प्रणाली' लागू गरेको छ । यस प्रणालीले गम्भीर प्रकृतिका बिरामीलाई प्राथमिकताका साथ सेवा उपलब्ध गराउने उद्देश्य राखेको अस्पताल प्रशासनले जनाएको हो ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. विष्णुप्रसाद गौतमका अनुसार हाल अस्पतालमा दैनिक दुई हजारदेखि दुई हजार ५०० सम्म सेवाग्राही उपचार तथा स्वास्थ्य परामर्शका लागि आउने गरेका छन् । सीमित जनशक्ति र स्रोतसाधनकाबिच गम्भीर बिरामीले समयमा उपचार उपलब्ध गराउन ट्रयाज प्रणाली प्रभावकारी हुने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

सरकारले स्वास्थ्य बिमा कार्यक्रमअन्तर्गत निजी स्वास्थ्य संस्थामा उक्त सेवा बन्द गरेपछि बिमासम्बन्धी सेवा लिन आउने बिरामीको सङ्ख्या सरकारी अस्पतालमा उल्लेख्य रूपमा बढेको छ । निजी अस्पतालबाट रिफर भई आउने तथा सिधैँ बिमामार्फत सेवा लिन आउने सेवाग्राही थपिँदा प्रादेशिक अस्पतालमा बिरामीको चाप बढेको अस्पताल प्रशासनले जनाएको छ ।

अस्पतालका मेसु डा. गौतमका अनुसार ट्र्याज प्रणालीमा अस्पताल पुगेका बिरामीलाई पालोका आधारमा नभई स्वास्थ्य अवस्थाको गम्भीरताका आधारमा वर्गीकरण गरिन्छ । अत्यन्त गम्भीर अवस्थाका बिरामीलाई रातो सङ्केतमा राखी तत्काल उपचार सुरु गरिने उहाँले जानकारी दिनुभयो ।


त्यस्तै, मध्यम तथा गम्भीर अवस्थाका बिरामीलाई पहेँलो सङ्केतमा र सामान्य ज्वरो, हल्का चोटपटक वा केही समय पर्खँदा ज्यानको जोखिम नहुने बिरामीलाई हरियो सङ्केतमा वर्गीकरण गरिने उहाँले बताउनुभयो ।

अस्पतालका अनुसार यस प्रणालीले आकस्मिक कक्षको व्यवस्थापन सहज बनाउनाका साथै गम्भीर बिरामीले समयमा उपचार पाउने सुनिश्चितता गर्नेछ । साथै उपचारको पालो कुर्दाकुर्दै ज्यान गुमाउनुपर्ने जोखिम पनि न्यून हुने अपेक्षा गरिएको छ ।

अस्पताल विकास समितिका अध्यक्ष अजयमान श्रेष्ठले उपलब्ध जनशक्ति र स्रोतसाधनको अधिकतम उपयोग गर्दै सेवा प्रवाहलाई थप प्रभावकारी, सहज र गुनासोरहित बनाउन आवश्यक सबै प्रयास भइरहेको बताउनुभयो । उहाँले उपलब्ध स्रोतसाधन र बढ्दो सेवाग्राहीको चापबिच ठूलो अन्तर रहेकाले सेवा व्यवस्थापन दिनप्रतिदिन चुनौतीपूर्ण बन्दै गएको उल्लेख गर्नुभयो । *(रासस)*

# घोडाघोडी सिमसार क्षेत्रमा सूचक प्रजाति हरिहाँसको गणना सुरु

घोडाघोडी (कैलाली), १४ असार । कैलालीको घोडाघोडी सिमसार क्षेत्रमा सूचक प्रजातिका रूपमा रहेको हरिहाँसको गणना सुरु गरिएको छ । नेपाल पन्छी संरक्षण सङ्घको आयोजनामा आइतबारदेखि तीन दिनसम्म हरिहाँसको गणना गरिने छ ।



गणना टोलीमा आठ जना सहभागी छन् । तीन वटा उपसमूह बनाएर तीन वटा ब्लकमा एकसाथ गणना सुरु गरिएको नेपाल पन्छी संरक्षण सङ्घका स्थलगत परियोजना अधिकृत हिरुलाल डगौराले जानकारी दिनुभयो ।

उहाँका अनुसार घोडाघोडी सिमसार क्षेत्रमा प्रत्येक वर्ष जाडो र गर्मीयाममा सूचक प्रजाति हरिहाँसको गणना गरिँदै आइएको छ । जाडोयामको तुलनामा गर्मीयाममा हरिहाँसको सङ्ख्यामा कमी आउने उहाँले बताउनुभयो ।

डगौराका अनुसार कैलालीको भजनी नगरपालिकास्थित लौकाहा-भौकाहा, घोरताल तथा सोनियाँ-रुपियाँलगायत सिमसार क्षेत्रमा हरिहाँसले प्रजनन (ब्रिडिङ) गर्ने गर्दछन् । प्रजननका लागि हरिहाँस जिल्लाका विभिन्न सिमसार क्षेत्रमा फैलिने भएकाले गर्मीयाममा घोडाघोडी क्षेत्रमा यसको सङ्ख्या जाडोयामको तुलनामा कम देखिने गरेको उहाँले बताउनुभयो ।

गर्मीयामको गणनाअनुसार सन् २०२३ मा २१२, सन् २०२४ मा २२५ र सन् २०२५ मा १६४ वटा हरिहाँस यहाँ अभिलेख भएका छन् । जाडोयाममा भने सन् २०२२ मा ३९४, सन् २०२३ मा ३१६ र सन् २०२४ मा ४११ पुगेको थियो । सन् २०२५ मा यो सङ्ख्या घटेर ३७२ मा झरेको थियो । सन् २०२६ को जाडोयाममा भने हरिहाँसको सङ्ख्या ४२९ पुगेको तथ्याङ्क छ । सोही अवधिमा अन्य जलपंक्षीको सङ्ख्या भने क्रमशः घट्दै गएको तथ्याङ्कले देखाएको छ ।

यस वर्षको गर्मीयामको गणना सम्पन्न भएपछि हरिहाँसको वास्तविक अवस्था, वितरण तथा सङ्ख्याको विस्तृत विवरण सार्वजनिक गरिने पन्छी संरक्षण सङ्घका अधिकृत डगौराले बताउनुभयो । हरिहाँससँगै घोडाघोडी सिमसार क्षेत्रमा पाइने अन्य जलपन्छीको पनि गणना गरिने उहाँले जानकारी दिनुभयो ।

घोडाघोडी ताल तराइकै ठूलो सिमसार क्षेत्रका रूपमा रहेको छ । सन् २००३ मा घोडाघोडीलाई विश्व रामसार क्षेत्रमा सूचीकृत गरिएको हो । त्यतिबेला हरिहाँसको सङ्ख्या एक हजार थियो ।

घोडाघोडी संरक्षणका लागि विभिन्न निकायले काम गर्दै आएका छन् । चराको उचित बासस्थान रहेकाले पनि यस क्षेत्रलाई २०७८ फागुन २७ फागुन गते नेपालकै पहिलो चरा अभय आरण्य क्षेत्र घोषणा गरिएको थियो । घोडाघोडी क्षेत्रको सूचक प्रजातिका रूपमा मगर गोही, हरिहाँस र जङ्गली धान हुन् । *(रासस)*

। सम्पादकीय ।

# सरकारको कार्यशैलीप्रति जनतामा असन्तोष

ठुलो दल हुनुको अर्थ सरकारको नेतृत्व गर्नु मात्र होइन। बहुमत प्राप्त दलले सरकारको नेतृत्व गरेसँगै नीति तथा कार्यक्रम तयार गर्नु र बजेट प्रस्तुत गर्नु स्वाभाविक हो। नीति तथा कार्यक्रम र बजेट सार्वजनिक गर्नु कुनै दलको सरकारको उपलब्धि होइन; त्यो सरकारको दायित्व हो। मूल कुरा त्यो दलले कुन वर्गका जनताको प्रतिनिधित्व गरेको छ र सरकारले कुन वर्गको पक्षमा नीति तथा कार्यक्रम ल्याएको छ भन्ने हो। रास्वपाका एक जिम्मेवार नेताले स्पष्टसँगै भने, "सरकारको नीति तथा कार्यक्रम मध्यमवर्गको पक्षमा छ।" विगतमा नेकाका एक जिम्मेवार युवा नेताले भने, "नेका गरिबवर्गको पक्षमा छैन; गरिबवर्गको हितमा राजनीति गर्दैन।" यी दुई युवा नेताको भनाइले रास्वपा र नेका गरिबवर्गको पक्षमा छैन; गरिब वर्गको सेवा गर्न राजनीति गरेको होइन भन्नेबोध गराउँछ।

राजनीतिक दलले कुनै न कुनै वर्गको पक्षमा राजनीति गर्छ; यो सत्य हो। अहिले पनि देशमा विभिन्न वर्गका जनताको पक्षमा राजनीति गर्ने दलहरू छन्। यहाँ सामन्त, प्रतिक्रियावादी, जालीफटाहा, पुँजीपति, मधेसी समुदाय तथा शोषित पीडित या श्रमजीवीवर्गको पक्षमा राजनीति गरिरहेका छुट्टाछुट्टै दलहरू छन्। श्रमजीवीवर्गका जनताले कहिले पनि सामन्त, जालीफटाहा, प्रतिक्रियावादी, पुँजीपतिवर्गको पक्षमा राजनीति गर्ने दललाई समर्थन गर्नुहुँदैन; त्यस्तो दलका उम्मेदवारलाई मतदान गर्नु हुँदैन। तर, बहुमत जनतामा अझै सांस्कृतिक, वैचारिक र सैद्धान्तिक स्तर नभएको कारण जानी या नजानी, लहैलहै या लोभलालच या अन्य कुनै प्रलोभनमा श्रमजीवीवर्गमाथि शोषण गर्ने, रजाइँ गर्ने दल र दलका उम्मेवारलाई मतदान गर्दै आएको देखिन्छ। जनताको यही कमजोरीको फाइदा सामन्त र पुँजीपतिवर्गको प्रतिनिधित्व गर्ने दलले लिइरहेका छन्।

इमानपूर्वक राजनीति गर्ने दलको सरकारले सबभन्दा पहिले जेनजी आन्दोलनमा गोली ठोक्ने दोषी र सिंहदरबार, संसद् भवन, राष्ट्रपति भवन, सर्वोच्च अदालतलगायत देशको सम्पत्तिमा आगो लगाएर खरानी पार्ने उपद्रोहरूलाई कारबाही गर्नुपर्छ। यतातर्फ सरकारको ध्यान गएको छैन। रास्वपाको सरकार बनेमा देशकै मुहार परिवर्तन होला या ठुलै परिवर्तन होला भन्ने आशा नेताहरूले दिएका थिए। तर, नीति तथा कार्यक्रममा त्यस्तो खासै परिवर्तनको अनुभूति भएन। यसमा सरकार चुकेको देखिन्छ। जनताको पैसा हिनामिना गर्ने सहकारी ठग या बेइमानहरूलाई सरकारले कारबाही गरेको छैन। सहकारीका एक एक ठगलाई कारबाही गर्ने रवि लामिछानेको प्रतिबद्धता पनि अधुरै रह्यो। शक्तिको उन्मादमा यो गर्ने र त्यो गर्ने भनी दम्भ त गरियो। तर, त्यो शक्तिको दम्भ चर्को भाषणमा सीमित भयो।

सुशासनको अर्थ कडा भाषण गर्नु होइन, भ्रष्टाचारी, कालाबजारी, कमिसनखोर, पदको दुरूपयोग गरी अकुत सम्पत्ति कुम्ल्याउने, सार्वजनिक सम्पत्ति आफ्नो बनाउने दोषीहरूमाथि छानबिन गरेर कारबाहीको प्रक्रिया अघि बढाउने हो। देशको कानुन सर्वसाधारण जनतालाई मात्र होइन; सबैलाई बराबर लागू गर्नुपर्छ। राज्य ठुलाबडाको होइन सर्वसाधारण जनताको पक्षमा उभिनुपर्छ। अरू दलका नेता कार्यकर्तालाई पेल्ने, दबाउने र आफ्ना पक्षका अपराधी, दोषी, बेइमान, ठग, भ्रष्टाचारी र सार्वजनिक जग्गामा घर बनाउने नेता-कार्यकर्तालाई पोस्ने या जोगाउने काम सरकारले गर्छ भने हिजोको सरकार र आजको सरकारमा जनताले के फरक पाउने ?

मूल कुरा सरकारको नेतृत्व परिवर्तन होइन; जनताको जीवन स्तर परिवर्तन गर्नु हो; विकास गरेर देशको मुहार फेर्नु हो। स्कूल र कलेजमा परीक्षाको नतिजा चाँडै प्रकाशन गरेर र दुई दिनको बिदा सेवा दिएर सरकारले कर्मचारी, शिक्षकहरूको मन जित्ने प्रयास गर पनि जनताको विश्वास जित्न सकिँदैन। बिदा र सुविधाले विकास हुने होइन, शैक्षिक स्तर उठ्ने होइन। रोपाईंको बेला मल पुग्दैन; महँगी नियन्त्रण हुँदैन; संविधानमा उल्लेख भएअनुसार कक्षा १२ सम्म निःशुल्क शिक्षा लागू हुँदैन भने दल ठुलो भएर के गर्ने ? नयाँ सरकार गठन भएर के गर्ने ? रास्वपाको सरकार बन्दा देशमा के के न परिवर्तन होला र गर्ला भन्ने विश्वास जनतामा थियो। जनतामा जागेको त्यो आशा र विश्वास व्यवहारमा लागू भएन। नयाँ सरकारले शासन गरेको तीन महिना नपुग्दै जनतामा व्यापक असन्तोष छायो; असन्तोषको लहर या विरोधको स्वर सल्किन थाल्यो। जनतामा देखिएको यो असन्तोष शुभ सङ्केत होइन।

# इरान युद्धले सिकाएको पाठ

✍ अर्सिन अदिब-मोघद्दम

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुका लागि इरान युद्ध ठुलो असफलता साबित भएको छ। जून १७ मा अमेरिका र इरानबिच एक 'समझदारी पत्र (एमओयू)' मा हस्ताक्षर भएसँगै यो विनाशकारी युद्ध औपचारिक रूपमा अन्त्य भएको छ। युद्ध अन्त्य गर्नका लागि तय भएको १४ बुँदे प्रारम्भिक सहमति भने ट्रम्प र नेतन्याहुले द्वन्द्व सुरु गर्दा भनेका ठुलठुला घोषणाविपरीत छ।

युद्ध सुरु हुँदै गर्दा थोरै विश्लेषक र विद्वान्हरूले मात्र अहिलेको अवस्थाको सही पूर्वानुमान गरेका थिए। उनीहरूले इरानले दशकौँदेखि अन्तर्राष्ट्रिय दबाब सामना गर्न देखाएको सबलतामा जोड दिएका थिएँ। म पनि तिनैमध्येमा सामेल थिए। इरानको आणविक कार्यक्रमको सैन्य समाधान भएको भनेर मैले सन् २०१२ मै चेतावनी दिएको थिएँ। अमेरिकी संस्थापनलाई यो थाहा थियो।

तर, गत फेब्रुअरी २८ मा ट्रम्प र नेतन्याहुले इरानविरुद्ध सैन्य अभियान सुरु गरे। उनीहरूको प्रारम्भिक उद्देश्य स्पष्ट उल्लेख थियो : इरानको आणविक र ब्यालिस्टिक क्षेप्यास्त्र कार्यक्रमलाई पूर्ण रूपमा नष्ट गर्ने, हेजबुल्लाह, हुथी तथा हमासजस्ता क्षेत्रीय सशस्त्र समूहलाई इरानले दिँदै आएको समर्थन अन्त्य गराउने र इरानको वर्तमान इस्लामिक शासन परिवर्तन गर्ने। तर, जून १७ मा हस्ताक्षर भएको सम्झौतापत्रअनुरूप यीमध्ये कुनै पनि घोषित लक्ष्य हासिल भएन।

इरान युद्ध अन्त्य गर्नका लागि भएको सम्झौताले खाडी क्षेत्रमा अमेरिकी निगरानीमा कायम शान्तिको पतन भएको देखिन्छ। साथै, यस क्रममा इरानी राज्यले बाह्य दबाबविरुद्ध बलियो प्रतिरोध गर्न सक्षम रहेको पुनः साबित गरेको छ। युद्धको सुरुवातमा वासिङ्टन र तेलअभिभ दुवैले आफ्ना सैन्य क्षमताले इरानलाई घुँडा टेकाउन सकिन्छ भन्नेमा पूर्ण विश्वस्त देखिन्थे। क्रूर हमलाहरूको सुरुआती लहरमा ९ सयभन्दा बढी सुविधामा निसाना बनाइएको थियो। त्यसपछि दुवै नेताले बारम्बार इस्लामिक गणतन्त्रको सैन्य क्षमता लगभग ध्वस्त भएको दाबी दोहोऱ्याइरहे। ट्रम्पले त निरन्तर रूपमा इरानविरुद्धको युद्ध विजयनजिकै भएको बताइरहे। अझ उनले इरानसँग 'सैन्य अर्थमा केही बाँकी नरहेको' झूटसमेत भने।

इरानमा पहिलो आक्रमणको लहरपछि ट्रम्पले इरानी जनतालाई सरकारविरुद्ध उठ्न र संस्थाहरूको नियन्त्रण कब्जा लिन आह्वान गरेका थिए। उता नेतन्याहुले पनि ट्रम्पकै भाषा प्रतिध्वनित गर्दै इरान युद्धलाई पश्चिम एसियाको भूराजनीतिक संरचनालाई पुनः आकार दिने द्वन्द्वका रूपमा प्रस्तुत गरे। तर, गुप्तचर मूल्याङ्कन र युद्धक्षेत्रका घटनाहरूले भने ट्रम्प र नेतन्याहुका दाबीलाई हावादारी भएको उजागर गरिदियो। गम्भीर संरचनात्मक क्षति भोगेको भए पनि इरानले आफ्नो रणनीतिक गहिराइ कायम राखेको गुप्तचर अध्ययनले देखायो। तेहरानले सैन्य उपकरणलाई सुरक्षित स्थानमा सारेर मध्यपूर्वभर प्रतिशोधात्मक ड्रोन र क्षेप्यास्त्र आक्रमण गर्न थाल्यो। बाह्य आक्रमणले इस्लामिक शासन पतन हुनुको सट्टा राज्य संरचना झन् कठोर बन्यो।

**सम्झौतामा के छ ?**

जून १७ मा भएको सम्झौतापत्रका सर्तहरूले वासिङ्टनले अन्ततः तेहरानसँग समान सार्वभौम शक्तिको रूपमा वार्ता गर्न बाध्य भएको विषयलाई प्रकाश पार्छ। सम्झौताका कुनै पनि बुँदाले इरान आत्मसमर्पण गरेजस्तो देखाउँदैन। बरु, सम्झौताका विषयवस्तु युद्ध सुरु गर्ने बेला अमेरिका-इजरायलले घोषणा गरेका तीन प्रमुख लक्ष्यभन्दा विपरीत छ। पहिलो, सम्झौताले स्पष्ट रूपमा अमेरिकालाई इरानको क्षेत्रीय अखण्डताको सम्मान गर्न र आन्तरिक हस्तक्षेपबाट टाढा रहन बाध्य पार्छ।

शासन परिवर्तनको माग गर्दै महिनौं बिताएको ट्रम्प प्रशासनका लागि यस खण्डले इस्लामिक गणतन्त्रको स्थायित्वलाई वैधानिक स्वीकृति दिन्छ। यसले सन् १९८१ को 'अल्जियर्स सम्झौता' लाई सम्झना दिलाउँछ, जब अमेरिकाले सन् १९७९ को इस्लामिक क्रान्तिदेखि बन्धक बनाइएका ५२ अमेरिकी बन्धकको रिहाइका लागि आफ्ना बैङ्कमा फ्रिज गरी राखिएका इरानी सम्पत्ति फुकुवा गरेको थियो। वासिङ्टनले त्यतिबेला इरानको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने सहमति जनाएको थियो।

इरानी सरकार परिवर्तन असम्भव भएको वास्तविकता सामना गरेका ट्रम्पले हालैको जी-७ शिखर सम्मेलनको क्रममा आफ्नो भनाइ फेरे। "मलाई खासमा इरानको शासन परिवर्तनको विषय कहिल्यै महत्त्वपूर्ण थिएन," ट्रम्पले भने। बरु, उनले हाल वार्ताको नेतृत्व गरिरहेका इरानी वार्ताकारहरूलाई 'तर्कसङ्गत, सबल र स्मार्ट' का रूपमा व्याख्या गरे। यस सम्झौतापत्रले अमेरिकाको नौसेनाले इरानी बन्दरगाहमाथि लगाएको नाकाबन्दी तत्काल हटाउने र इरानी कच्चा तेल निर्यात पुनः सुरु गर्न अनुमति दिने भनेको छ। इरानी तेल निर्यात खुलाउन अमेरिकी वित्त मन्त्रालयले आपत्कालीन 'छुट' दिनेछ। यस्तै, पश्चिमा देशका वित्तीय संस्थामा फ्रिज गरिएका झन्डै १०० अर्ब डलर बराबरको इरानी सम्पत्ति फुकुवा गर्नेदेखि आर्थिक विकासका लागि ३०० अर्ब डलरको अन्तर्राष्ट्रिय पुनर्निर्माण कोष सिर्जना गर्ने विषय पनि उल्लेख छ।

आलोचनात्मक दृष्टिबाट हेर्दा असमान क्षेत्रीय अवरोधको दबाबमा आर्थिक नाकाबन्दी दिगो नहुने देखिएको छ। फेरि, यो अमेरिकी सरकारका लागि नयाँ कुरा नहुनुपर्ने हो। धेरै अनुसन्धानले प्रतिबन्ध, गनबोट डिप्लोमेसी (सैन्य बलको प्रयोग वा निहित धम्की) र युद्धले सधैं काम नगर्ने कुरामै जोड दिन्छ। प्रतिबन्धले धक्का खेपेको भए पनि इरानको अर्थतन्त्र धेरै चुस्त छ। सम्झौतापत्रको सबैभन्दा उल्लेखनीय पक्ष यसमा नसमेटिएको आणविक विषय हो। यसमा इरानले आफ्नो ब्यालिस्टिक क्षेप्यास्त्र कार्यक्रम अन्त्य गर्ने कतै उल्लेख गरेको छैन।

*(लेखक ब्रिटिस विश्वविद्यालयका प्राध्यापक हुन्।)*

***- 'द कन्भर्सेसन' बाट***

# समाज बुझ्न, परिवर्तनको नेतृत्व गर्न र समतामूलक समाज निर्माण गर्न समाजशास्त्र आवश्यक

✍ सुनिता गाइसी

**उपप्राध्यापक समाजशास्त्र**

आजको विश्व तीव्रगतिमा परिवर्तन भइरहेको छ। विज्ञान र प्रविधिको विकास, विश्वव्यापीकरण, सहरीकरण, वैदेशिक रोजगारी, बसाइँसराइ, वातावरणीय सङ्कट, सामाजिक असमानता तथा सांस्कृतिक परिवर्तनले समाजलाई नयाँ चुनौती र अवसर दुवै प्रदान गरेका छन्। यस्ता परिवर्तनहरूलाई देख्नु मात्र पर्याप्त हुँदैन; तिनको कारण, प्रभाव र समाधान पनि बुझ्न आवश्यक हुन्छ। यही आवश्यकता पूरा गर्ने विषय हो- समाजशास्त्र। समाजशास्त्र समाज, सामाजिक सम्बन्ध, सामाजिक संस्था, संस्कृति, मूल्य-मान्यता, सामाजिक परिवर्तन तथा मानव व्यवहारको वैज्ञानिक अध्ययन गर्ने विषय हो। यसले समाजलाई केवल बाहिरी रूपमा होइन, गहिरो रूपमा बुझ्न सिकाउँछ। समाजशास्त्र अध्ययन गर्ने व्यक्तिले कुनै पनि सामाजिक घटनालाई तथ्य, प्रमाण र अनुसन्धानका आधारमा विश्लेषण गर्न सक्छ। त्यसैले समाजशास्त्र पढ्नु भनेको केवल डिग्री प्राप्त गर्नु होइन, समाजलाई बुझ्ने दृष्टि, विश्लेषण गर्ने क्षमता र परिवर्तनको नेतृत्व गर्ने चेतना विकास गर्नु हो। नेपालमा विशेषगरी त्रिभुवन विश्वविद्यालयअन्तर्गतका आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूमा प्रत्येक वर्ष हजारौं विद्यार्थीले समाजशास्त्र तथा मानवशास्त्र अध्ययन गरिरहेका छन्। पछिल्ला वर्षहरूमा समाज विकास, अनुसन्धान, स्थानीय सरकार, गैरसरकारी संस्था तथा अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाहरूमा समाजशास्त्रीहरूको बढ्दो आवश्यकता देखिएको छ। यसले समाजशास्त्रको व्यावसायिक महत्त्व निरन्तर बढिरहेको सङ्केत गर्दछ।

**समाज बुझ्ने वैज्ञानिक दृष्टिकोण**

हामी समाजमा गरिबी, बेरोजगारी, लैङ्गिक विभेद, जातीय असमानता, घरेलु हिंसा, बालविवाह, मानव बेचबिखन, लागूऔषध दुर्व्यसन, वृद्धवृद्धाको समस्या, जलवायु परिवर्तन, सामाजिक सञ्जालको प्रभाव तथा युवाको विदेश पलायनजस्ता धेरै सामाजिक समस्या देख्छौँ। समाजशास्त्रले यस्ता समस्यालाई केवल व्यक्तिगत कमजोरीको रूपमा होइन, सामाजिक संरचना, आर्थिक अवस्था, संस्कृति, नीति तथा शक्ति सम्बन्धसँग जोडेर विश्लेषण गर्छ। समाजशास्त्र पढ्ने विद्यार्थीले "के भयो ?" भन्ने प्रश्न मात्र होइन, "किन भयो ?", "कसलाई बढी असर पऱ्यो ?", "यसको सामाजिक प्रभाव के हो ?" र "यसको समाधान कसरी सम्भव छ ?" भन्ने प्रश्न पनि उठाउन सिक्छ। यही आलोचनात्मक सोच (Critical Thinking) समाजशास्त्रको प्रमुख विशेषता हो।

**समाजशास्त्री : समाजका सामाजिक इन्जिनियर**

भवन निर्माण गर्न इन्जिनियर आवश्यक पर्छ भने समतामूलक, समावेशी र न्यायपूर्ण समाज निर्माण गर्न समाजशास्त्री आवश्यक पर्छ। त्यसैले समाजशास्त्रीलाई समाजका सामाजिक इन्जिनियर भन्न सकिन्छ। जसरी इन्जिनियरले कुनै संरचना निर्माण गर्नुअघि त्यसको डिजाइन, गुणस्तर र सम्भावित जोखिमको अध्ययन गर्छन्, त्यसैगरी समाजशास्त्रीले समाजको संरचना, सामाजिक सम्बन्ध, संस्कृति, मूल्य, समस्या र परिवर्तनको अध्ययन गरेर समाजलाई सही दिशामा अघि बढाउने उपायहरू खोज्छन्। समाजशास्त्रीहरूले अनुसन्धान गर्छन्, सामाजिक नीति निर्माणमा सहयोग पुऱ्याउँछन्, विकास कार्यक्रमहरूको सामाजिक प्रभाव मूल्याङ्कन गर्छन्, समुदायको आवश्यकता पहिचान गर्छन् र प्रमाणमा आधारित निर्णय लिन सरकार, स्थानीय तह, शैक्षिक संस्था तथा विकास साझेदार संस्थाहरूलाई सहयोग पुऱ्याउँछन्। उनीहरूको भूमिका समाजमा सामाजिक न्याय, समानता, सहभागिता र दिगो विकास सुनिश्चित गर्नु हो।

**फिल्ड भिजिट : समाजशास्त्रको वास्तविक प्रयोगशाला**

समाजशास्त्रको अध्ययन पुस्तक र कक्षाकोठामा मात्र सीमित हुँदैन। समाज नै यसको वास्तविक प्रयोगशाला हो। त्यसैले फिल्ड भिजिट (Field Visit) र फिल्डवर्क समाजशास्त्र शिक्षाको अभिन्न अङ्ग मानिन्छ। फिल्ड भिजिटको क्रममा विद्यार्थी विभिन्न गाउँ, सहर, समुदाय, विद्यालय, उद्योग, गुठी, स्थानीय सरकार, सांस्कृतिक सम्पदा तथा विकास परियोजनाहरूमा पुगेर प्रत्यक्ष अध्ययन गर्छन्। उनीहरूले अन्तर्वार्ता, अवलोकन, समूह छलफल, प्रश्नावली तथा केस अध्ययनका माध्यमबाट सामाजिक तथ्य सङ्कलन गर्छन्। यस प्रक्रियाले कक्षामा पढेका सिद्धान्तलाई व्यवहारसँग जोड्ने अवसर प्रदान गर्छ।

फिल्डवर्कले विद्यार्थीमा अनुसन्धान गर्ने क्षमता, नेतृत्व विकास, सञ्चार सीप, प्रतिवेदन लेखन, समस्या विश्लेषण तथा समुदायसँग सहकार्य गर्ने दक्षता विकास गर्छ। यही कारण विश्वका अधिकांश विश्वविद्यालयहरूले समाजशास्त्र विषयमा फिल्डवर्कलाई अनिवार्य शैक्षिक अभ्यासका रूपमा समावेश गरिएको छ।

**ख्वप कलेजको अनुभव**

ख्वप कलेजले समाजशास्त्र विषयलाई व्यवहारिक, अनुसन्धानमुखी र समुदायकेन्द्रित बनाउन विशेष जोड दिएको छ। कक्षाकोठामा सिकेका सिद्धान्तलाई व्यवहारमा उतार्ने उद्देश्यले विद्यार्थीहरूलाई समुदाय अध्ययन, सामाजिक सर्वेक्षण, फिल्डवर्क, प्रतिवेदन लेखन तथा अनुसन्धान प्रस्तुतीकरणमा सहभागी गराइन्छ। यस्ता गतिविधिले विद्यार्थीलाई वास्तविक सामाजिक जीवनसँग परिचित गराउनुका साथै अनुसन्धानप्रति रुचि र आत्मविश्वास बढाउन महत्त्वपूर्ण भूमिका खेल्छ। फिल्ड भिजिटका क्रममा विद्यार्थीहरूले स्थानीय समुदायको सामाजिक संरचना, संस्कृति, आर्थिक अवस्था, शिक्षा, स्वास्थ्य, परम्परा, सामाजिक परिवर्तन तथा विकासका चुनौतीहरूको प्रत्यक्ष अध्ययन गर्ने अवसर प्राप्त गर्छन्। यस्तो अनुभवले उनीहरूलाई राम्रो विद्यार्थी मात्र होइन, जिम्मेवार अनुसन्धानकर्ता र

***बाँकी पृष्ठ ८ मा***

१५ असार, २०८३ (29 June, 2026)

सन्दर्भ : क्रिस हानी जन्म दिवस (जून २८)

# अफ्रिकी स्वतन्त्रता आन्दोलनका योद्धा तथा कम्युनिस्ट नेता क्रिस हानी – ४

सन् १९६७ को जुलाई २१ मा अफ्रिकी राष्ट्रिय काङ्ग्रेसका सभापति अल्बर्ट लिथुलीको हत्या भयो । लिथुली सन् १९६१ मा नेल्सन मन्डेलाको नेतृत्वमा गठित लडाकु दस्ता एमकेको विपक्षमा थिए । रङ्गभेदी सत्ताले उनको दललाई प्रतिबन्ध लगाएपछि उनको प्रभाव क्रमश: कमजोर बन्दै थियो । तथापि उनको हत्याले केही जटिलता निम्त्यायो । उनको पद टाम्बोले सम्हाल्न पुगे । त्यतिञ्जेल हानीले नेतृत्व गरेको लडाकु दल रोडेसियाभित्र पसिसकेको थियो ।

सन् १९६७ अगस्ट १३ मा रोडेसियाको वान्के क्षेत्रमा हानीले नेतृत्व गरेको लडाकु दल र रोडेसियाली सेनाबिच भीषण लडाइँ भयो । जाम्बेजी नदी तरेर दिउँसै अँध्यारो हुने र जङ्गली जनावरको भय हुने भयानक जङ्गल छिचोलेर गुरिल्ला शैलीमा भएको त्यो हमलाले निराश र क्लान्त दक्षिण अफ्रिका र रोडेसियाको स्वतन्त्रता आन्दोलनमा उत्साहको सञ्चार गर्यो । सो लडाइँपछि अफ्रिकी राष्ट्रिय काङ्ग्रेसका सभापति टाम्बोद्वारा प्रकाशित वक्तव्यमा भनिएको थियो, “यो महिनाको १३ तारिखमा वान्के क्षेत्रमा स्वतन्त्रता सेना र रोडेसियाका श्वेत दमनकारी सेनाबिच अभूतपूर्व साहसिक लडाइँ भयो । गएको रातिमात्र रोडेसियाली सरकारले अघिल्लो दिन ६ घण्टा लामो लडाइँ भएको स्वीकार्यो । वास्तवमा त्यो क्षेत्रमा विगत ६ दिनदेखि लगातार लडाइँ भइरहेको छ । रोडेसिया र दक्षिण अफ्रिकी सत्ता दुवैले अफ्रिकी राष्ट्रिय काङ्ग्रेससम्बद्ध दक्षिण अफ्रिकी स्वतन्त्रता लडाकुहरू त्यो युद्धमा वीरतापूर्वक सरिक भएको स्वीकारेका छन् । उनीहरू दक्षिण अफ्रिका जाने क्रममा आइपर्ने तगाराविरुद्ध लडिरहेका छन् ।”

वान्केको लडाइँपछि विश्वले दक्षिण अफ्रिकामा एकजना साहसिक योद्धा क्रिस हानीको ज्वलन्त उपस्थिति स्वीकार्यो । क्रिस हानीको गौरव त्यही लडाइँबाट औपचारिकरूपमा आरम्भ भयो । वान्के लडाइँबाट हानी ‘लडाइँमा संलग्न एकजना प्रशंसित नेता र छुट्टै प्रकारको अनौपचारिक र अखण्डित प्राधिकार’ को रूपमा स्थापित भए ।

काङ्ग्रेस सभापति लिथुलीप्रति सम्मान व्यक्त गर्दै टाम्बोले हानी नेतृत्वको लडाकु दलको नाम ‘लिथुली दस्ता’ घोषणा गरेका थिए । हानीले पनि टाम्बोजस्ता व्यावहारिक, दु:ख सहन सक्ने, सुविधा नखोज्ने, मिहीन जानकारीसहित नेतृत्व गर्ने नेताको प्रशंसा गरेका थिए ।

१३ अगस्टको लडाइँपश्चात् २५ अगस्टमा लिथुली दस्ताविरुद्ध रोडेसियाली सेनाले अर्को हमला गर्यो । हेलिकप्टरबाट लडाकुहरूमाथि गोली वर्षा गरियो । तर, अघिल्लो विजयबाट उत्साहित ‘लिथुली दस्ता’ थप बहादुरीका साथ लड्यो र रोडेसियाली सेनालाई नराम्रोसँग पराजित गर्न सफल भयो ।

वान्के कारबाहीको सफलतासँगै लडाकुहरू जति हर्षित थिए उति नै रसदपानीको अभावले उनीहरूको दिनचर्या क्रमश: कठिन बन्दै थियो । त्यसैमाथि शत्रु सेनाले थप शक्ति परिचालन गर्ने निश्चित थियो । त्यस अवस्थामा लडाकु दस्ता दक्षिणतर्फ अघि बढ्न गाह्रो हुने थियो । तसर्थ, दस्तालाई बोत्सवानातर्फ लाने तय भयो । दक्षिण अफ्रिका सरकारले बोत्सवाना सरकारलाई लडाकु दस्तालाई दक्षिणतर्फ जानबाट रोक्न दबाब दियो । दक्षिण अफ्रिकी सेनासँग मिलेर रोडेसियाली सेनाले बोत्सवानामा गतिविधि बढाएको थियो । बोत्सवानाको अर्धसैनिक दस्ताले पनि उनीहरूलाई बोत्सवाना पस्नबाट रोक्यो ।

बोत्सवाना अफ्रिकी सङ्घ (ओएयू) को सदस्य भएकोले सिद्धान्तत: दक्षिण अफ्रिकाको मुक्तिका लागि प्रतिबद्ध थियो । तसर्थ, हानी नेतृत्वको टोलीले बोत्सवानाको अर्धसैनिक बलसँग नलड्ने राजनीतिक निर्णय गर्यो । त्यसैअनुसार बोत्सवानाका अर्धसैनिक बलसँग भेट हुँदा मेलमिलापको व्यवहार गरियो । बोत्सवाना अर्धसैनिक दलले उनीहरूलाई बिथोल्न नचाहेकोले आत्मसमर्पण गर्न आग्रह गर्‍यो । गिरफ्तार नगर्ने सर्तमा उनीहरूले पनि आत्मसमर्पण गरे । आत्मसमर्पण गरेपछि मात्र रहस्य खुल्यो, ती बोत्सवाना अर्धसैनिक बल बेलायत र दक्षिण अफ्रिकी श्वेत अधिकारीहरूबाट निर्देशित रहेछन् । हानीलगायतका दस्तालाई हतकडी लगाएर जेल पठाइयो । दुई वर्ष उनीहरू जेल जीवन बिताउन बाध्य भए ।

तथापि, वान्के सैनिक कारबाहीबाट धेरै महत्त्वपूर्ण पाठ सिकिएको थियो । कुनै पनि सैनिक कारबाही थाल्नुअघि सो ठाउँ स्थानीय जनता, शत्रु सेनाको अवस्था आदिबारे प्रशस्त जानकारी आवश्यक हुने कुरा सो घटनाका मूलभूत पाठ थिए ।

गाबोरोन कारागारको जीवन त्यति सहज थिएन । लिथुली विद्रोही दलका सदस्यलाई लगाउन दिइएको पोसाकसमेत अपमानजनक थियो । लगाउने जुत्ता थिएन । सुत्न दिइएका सिरक डस्ना निकै फोहोर थिए । जेल जीवनको स्मरण गर्दै पछि क्रिस हानीले भने, “त्यो सजाय थियो । हामीले त्यसरी नै लियौँ । सजायलाई पनि हामीले सङ्घर्षको रूपमा लियौँ किनभने यदि म स्वतन्त्रता चाहन्छु भने मैले केही बलिदान गर्न पनि तयार हुनुपर्छ ।”

जेलबाट भाग्न गरिएको प्रयासका कारण विद्रोहीहरूमाथि निगरानी थप कडा बनाइयो । बाहिर हिँडडुल गर्ने छुटसमेत दिइएन ।

वान्के कारबाही सैनिक दृष्टिबाट आफ्नो लक्ष्य प्राप्तिमा असफल भएको थियो । तर, त्यो जिम्बाब्वेको स्वतन्त्रता आन्दोलनको निम्ति कोशेढुङ्गा साबित भयो । जिम्बाब्वेका जनताले त्यसको प्रभाव महसुस गरे । शत्रुले त्यो कारबाहीबारे चाहेर पनि सूचना लुकाउन सकेन । तसर्थ, कारबाही लक्ष्य प्राप्त गर्न असफल भए पनि जनतालाई उत्साहित गर्न सफल रह्यो ।



क्रिस हानी भन्छन्, “हामी दक्षिण अफ्रिकी जनतालाई पनि राजनीतिकरूपमा उत्साहित गर्न सफल भयौँ । किनभने, अफ्रिकी राष्ट्रिय काङ्ग्रेसबारे लामो समयसम्म चुपचाप रहेको दक्षिण अफ्रिकी सञ्चारजगतले काङ्ग्रेसका गुरिल्लाहरू वान्के वरपर लडाइँ गर्दै जिम्बाब्वे छिचोलिरहेका छन् भनी समाचार लेख्दै थिए । त्यो घटनालगत्तै दक्षिण अफ्रिकामा विद्यार्थी आन्दोलन चर्कियो । कालो सचेतना (The Black Consciousness) र दक्षिण अफ्रिकी विद्यार्थी सङ्गठन (SASO) यही अवधिमा स्थापना भए । यसप्रकार हामीले युवाहरूबिच सशस्त्र सङ्घर्षको प्रभाव विस्तार गर्न र उत्साह जगाउन सफल भयौँ ।”

गाबोरोन जेल जीवन क्रिस हानीको निम्ति वान्के हमलाको समीक्षा र भावी योजना तर्जुमा गर्न राम्रो अवसर हुन गयो । साथै, रोडेसियाका झाडीको लामो यात्रा (झन्डै २ सय किमि) पश्चात् उनले त्यहाँ आफ्नो अध्ययनलाई निरन्तरता दिए । त्यस अर्थमा हानीको लागि कारागार जीवन आफैमा सङ्घर्षको बदलिँदो रूप मात्र थियो । कठोर जेल जीवन बिताएर हानी र उनका सहयोद्धाहरू लुसाका फर्के । तर, त्यहाँ नेतृत्व तहमा बसेकाहरूको मौनता र निष्क्रियताले हानीलाई पिरोल्न थाल्यो । अफ्रिकी काङ्ग्रेस एक प्रकारले छिन्नभिन्न अवस्थामा थियो । नेताहरू कोही व्यापार व्यवसायमा तल्लीन थिए, कोही आफ्नो वृत्ति विकासको लागि युरोपका विभिन्न देशमा भौँतारिरहेका थिए । नातावाद, सुविधाभोगी चरित्रले डरलाग्दो प्रभाव पारिसकेको थियो ।

क्रिस हानीसँगै आठजना पार्टी कार्यकर्ताहरूले त्यस्तो अवस्था अन्त्यको लागि ज्ञापनपत्र दिने निर्क्योल गरे । उनीहरूले काङ्ग्रेस र एमकेको साँचो अर्थमा प्रतिनिधिमूलक सम्मेलनको माग गरे । सबैजनाले ज्ञापनपत्रमा हस्ताक्षर गरे । सबैभन्दा माथि क्रिस हानीको नाम थियो । त्यसबेला क्रिस हानी भर्खर २६ वर्षका थिए । ७ पृष्ठ लामो ज्ञापनपत्र काङ्ग्रेस नेतृत्वलाई बुझाइयो । ज्ञापनपत्रमा नेतृत्वको कार्यक्षमताप्रति तिखो आलोचना गरिएको थियो । ज्ञापनपत्रको विषयले अफ्रिकी राष्ट्रिय काङ्ग्रेसका सदस्यहरूबिच ठुलो तरङ्ग फैलायो । हानी र ज्ञापनपत्रमा हस्ताक्षर गर्ने अरू सदस्यहरूलाई वान्के हमला र त्यसपछिको कठोर जेल जीवनबाट फर्केपछि स्वागत गर्न लुसाकामा कोही गएको थिएन । उनीहरूसँग अनुभव सुन्ने र नयाँ योजनाबारे सोध्ने पनि कोही थिएन । थप सशस्त्र हमलाको कुरा त झन् टाढाको विषय बनेको थियो । नेतृत्वसँग थप कुनै कार्ययोजना थिएन ।

त्यस्तो परिस्थितिको परिणाम थियो ज्ञापनपत्र । तर, नेतृत्व त्यसप्रति सहमत थिएन । उनीहरूले ज्ञापनपत्रमा हस्ताक्षर गर्नेहरू कसैबाट परिचालित भएको भन्दै मृत्युदण्ड दिनेसम्मको तयारी गरे । तर, हानीलाई केही भए त्यसको परिणाम नकारात्मक हुने धारणा प्रबल हुन जाँदा मृत्युदण्ड दिने निर्णय फिर्ता भयो । आफ्नो छोरालाई सम्भावित मृत्युदण्डबाट जोगाउन हानीका पिता तत्कालीन सोभियत सङ्घ र जर्मनीका राजदूतहरूसामु पुगेका थिए । १९६९ अप्रिल २५ मा तान्जानियाको मोरोगोरोमा हुने सम्मेलनमा ज्ञापनपत्रसम्बन्धी थप छलफल चलाउने टुङ्गो लगाएर तत्काललाई मृत्युदण्डको निर्णय फिर्ता लिइयो ।

**मोरोगोरो सम्मेलन**

मोरोगोरो सम्मेलन (सन् १९६९) सम्ममा ४१ ओटा अफ्रिकी देशहरूले स्वतन्त्रता हासिल गरिसकेका थिए । मोजाम्बिक, अङ्गोला, दक्षिणपश्चिम अफ्रिका, रोडेसिया र दक्षिण अफ्रिकामा भने अझै उपनिवेश थियो । सम्मेलनले काङ्ग्रेसलाई पूर्ण सैनिकीकरण नगर्ने, सशस्त्र सङ्घर्षले मात्र सफलता प्राप्त गर्न नसक्ने भएकाले राजनीतिक सङ्घर्षलाई पनि जोड दिने निर्णय गर्यो । रङ्गभेद शत्रुले थोपरेको भेद भन्दै सम्मेलनले गोरा र काला जातिका श्रमिक जनताको भाग्य अन्तर्सम्बन्धित भएको निचोड निकाल्यो । जिओ स्लोभोले तयार पारेको कार्यनीतिक तथा रणनीतिक दस्तावेजअनुसार क्रान्तिको प्रमुख लक्ष्य सबभन्दा उत्पीडितवर्गको रूपमा अफ्रिकी जनताको राष्ट्रिय मुक्ति तय गरियो । दस्तावेजमा लेखिएको थियो, “हामी क्रान्तिकारी हौँ, सङ्कीर्ण राष्ट्रवादी होइनौँ । प्रतिबद्ध क्रान्तिकारीहरू हाम्रा बन्धु हुन् । उनीहरू जुनसुकै समूहको किन नहोऊन् । हाम्रो आन्दोलनमा कोही पनि दोस्रो दर्जाका सहभागी छैनन् ।”

दस्तावेजमा सैनिक सङ्घर्षको पहिलो चरणमा आर्थिक तथा राजनीतिक सुदृढीकरणमा जोड दिइएको थियो । एक सातासम्म चलेको सम्मेलनका धेरै निर्णय हानीको ज्ञापनपत्रको परिणाम पनि थियो । नेतृत्वले पाउँदै आएको भत्ता हानीले ज्ञापनपत्रमा उल्लेख गरेबमोजिम रोकियो । केही शिविर कमान्डरहरूलाई पदबाट बर्खास्त गरियो । पार्टीले आफ्नो आन्तरिक अवस्था बलियो पार्दै आफ्नो प्रमुख लक्ष्यमा ध्यान केन्द्रित गर्यो । सम्मेलनले दुवै सैनिक एवम् राजनीतिक बाटो प्रयोग गरी दक्षिण अफ्रिकाभित्र गतिविधि बढाउने प्रस्ताव पारित गर्‍यो । सम्मेलनमा ७० जना प्रतिनिधिहरूको सहभागिता थियो ।

मोरोगोरो सम्मेलनको दुई साताअघि भएको पूर्वी तथा मध्य अफ्रिकी देशहरूको पाँचौँ शिखर सम्मेलनले शान्तिपूर्ण सङ्घर्षलाई जोड दिएको थियो । मोरोगोरो सम्मेलनले ज्ञापनपत्र बुझाउने योद्धाहरूलाई पुनर्स्थापना गर्ने निर्णय गरे तापनि हानीमाथिको उपेक्षापूर्ण व्यवहार अन्त्य भएको थिएन । आफ्नो जीवन नै समर्पण गरेको आन्दोलनमा त्यसप्रकारको व्यवहार हुँदा हानी व्यथित पनि थिए । हानीमाथि धोकेबाज, स्वार्थीको आरोप लगाइएको थियो । त्यसबारे कालान्तरमा उनले भने, “म धोकेबाज होइन, स्वार्थी होइन भनी म प्रमाणित गर्न चाहन्थेँ । मेरो गुनासोपछाडि मेरो कुनै आग्रह थिएन ।” ज्ञापनपत्रमा हस्ताक्षर गर्ने ८ जनामध्ये लिओनार्द कोसी (Leonard Nkosi) बाहेक सबै अडिग रहे । सन् १९७७ मा कोसीको हत्या भयो । धेरैले उनको हत्याको पछाडि एमकेको हात रहेको सार्वजनिकरूपमै स्वीकारे । मोरोगोरो सम्मेलनसँगै एउटा अर्को विद्रोही समूहको जन्म भयो जसलाई ‘८ जनाको समूह’ भनेर चिनिन्थ्यो । यो कम्युनिस्टविरोधीहरूको समूह थियो । सम्मेलनपछि सशस्त्र सङ्घर्षको समन्वय गर्न गठित एउटा क्रान्तिकारी परिषद्मा कम्युनिस्टहरूलाई समेत सामेल गरिएकोमा यो समूह असहमत थियो । दक्षिण अफ्रिकी कम्युनिस्ट पार्टीको केन्द्रीय समितिले पनि ८ जनाको समूहलाई ‘एउटै रङ्गभित्र लुकेका शत्रुहरू’ भनी विरोध गर्यो ।

ज्ञापनपत्र घटनापछि अलग पारिएका क्रिस हानी लुसाकामा बसेर आन्तरिक सङ्गठन सुदृढीकरणमा सक्रियतापूर्वक लागे । उनी क्रान्तिकारी परिषद्का सदस्य त थिएनन् । तर, विशेषत: ज्याक र सिमोन्सहरूसँग सम्बन्ध राख्दै तिनको नजिक रहेर उनले काम गरे । मोरोगोरो सम्मेलनको रणनीतिक तथा कार्यनीतिक दस्तावेजलाई ऐतिहासिक उपलब्धि मान्दै त्यसको कार्यान्वयनमा सक्रियतापूर्वक उनी लागिपरे । त्यसले हानीको गरिमा अझै उँचो बनायो । अफ्रिकी राष्ट्रिय काङ्ग्रेस र दक्षिण अफ्रिकी कम्युनिस्ट पार्टीभित्र उनको प्रतिभाको प्रशंसा हुन थाल्यो । सन् १९७० मा हानी कम्युनिस्ट पार्टीको केन्द्रीय सदस्यमा निर्वाचित भए । उनी त्यतिबेला भर्खर २८ वर्षका थिए ।

***स्रोत : स्वतन्त्रता आन्दोलनका अफ्रिकी अगुवा***



# भेनेजुयलामा भूकम्पबाट एक हजार ४३० जनाको मृत्यु, ५० हजारभन्दा बेपत्ता



ला गुआइरा, (एएफपी)। शक्तिशाली भूकम्प गएको तीन दिनभन्दा बढी समय बितिसक्दा पनि उद्धारकर्मीहरूले शनिबार भग्नावशेषमा बाँचेकाहरूको खोजी गर्न दौडधुप गरिरहेका छन्।

शनिबार राति एक ११ वर्षीय बालकलाई सकुशल उद्धार गरिएको छ। आइतबार यो समाचार तयार पार्दासम्म मृतक सङ्ख्या एक हजार ४३० पुगेको पुष्टि भएको छ। समय बित्दै जाँदा भग्नावशेषमा पुरिएका व्यक्तिलाई जीवित अवस्थामा भेट्ने सम्भावना क्षीण बन्दै गएको छ।

भूकम्पका कारण हजारौँ मानिस बेपत्ता भएका छन् भने ठुलो सङ्ख्यामा घाइते भएका रिपोर्ट प्राप्त भएका छन्।

पहिल्यै आर्थिक सङ्कट र राजनीतिक अस्थिरताबाट गुज्रिरहेको भेनेजुयलामा भूकम्पको क्षतिका कारण थप सङ्कट आएको छ। जनवरीमा अमेरिकी विशेष बलले राष्ट्रपति निकोलस मादुरोलाई अपहरण गरेको थियो।

लाखौँ मानिसहरूलाई सरसफाइ र अन्य आधारभूत आवश्यकताहरूको अभाव भएको डर छ। विशेषज्ञहरूका अनुसार प्राकृतिक विपत्तिपछि पहिलो ७२ घण्टा बाँचेकाहरू फेला पार्ने महत्त्वपूर्ण समय हो। त्यसपछि खोजी शव निकाल्ने कार्यमा परिणत हुन्छ।

नाम दिन नचाहने एक साल्भाडोरका उद्धारकर्मीले भन्नुभयो, "यो अवस्थामा उनीहरू (बेपत्ता मानिस) जीवित पाउने सम्भावना कम रहन्छ। भगवानको कृपाले केही जीवित मानिसहरू फेला परेमा यो ठुलो चमत्कार हो।"

देशको उत्तरमा रहेको काराबालेडा शहरमा शनिबार साँझ भग्नावशेषबाट ११ वर्षीय बालकलाई उद्धार गरिएको अन्तरिम नेता डेल्सी रोड्रिगेजले बताउनुभएको छ।

"भेनेजुयलाका लागि हरेक जीवन आशाको स्रोत हो," उहाँले उद्धारको भिडियोसहित एक्समा गरेको पोस्टमा लेख्नुभएको छ।

स्थानीय अधिकारीहरूको प्रतिक्रियाप्रति सार्वजनिक आक्रोश बढिरहेको बेला, अमेरिका समर्थित रोड्रिगेजले सहायताको लागि अन्य



देशहरूलाई धन्यवाद दिनुभएको छ।

संयुक्त राज्य अमेरिकाले सिमोन बोलिभार अन्तर्राष्ट्रिय विमानस्थलको एउटा रनवे आंशिक रूपमा सञ्चालनमा रहेको र त्यहाँ सी-१७ अमेरिकी सैन्य विमानहरू अवतरण गर्न सक्ने बताएको छ। यसका साथै एउटा नौसेना जहाज तटमा पुगिसकेको छ।

बुधबारका दुई भूकम्पमा भत्किएका भवनहरूबाट बाँचेका मानिसहरूको खोजीमा स्थानीय बासिन्दाहरूले मेसिनहरूको अभावमा हातले नै भग्नावशेष हटाउने प्रयास गरिरहेका छन्।

"यो अत्यन्तै अराजक, गर्मी र अव्यवस्थित छ," मियामीबाट एक्लै ला गुआइरा आएका ४३ वर्षीय अष्ट्रेलियन अग्नि नियन्त्रक क्रेग डेमिलोनले भन्नुभयो, "आशा छ, अझै पनि धेरै मानिसहरू फेला पार्न सकिनेछ।"

संयुक्त राष्ट्रसङ्घका सहायता प्रमुख टम फ्लेचरले शुक्रबार एएफपीसँग भन्नुभयो, "अहिलेसम्मको अनुमान अनुसार ५० हजारभन्दा बढी मानिस बेपत्ता रहेका छन्।"

**भेनेजुयला भूकम्प : २४ देशबाट सहायता र सयौं उद्धारकर्मी प्राप्त**

भेनेजुयलामा केही दिनअघि देशलाई झट्का दिने विनाशकारी दुई ठुला भूकम्पपछि २४ देशले मानवीय सहायता, विशेष उद्धार टोली र हजारौँ आपत्कालीन प्रतिक्रियाकर्मी पठाएर सहयोग गरेका छन्।

शनिबार टेलिग्राममा पोस्ट गरिएको विज्ञप्तिमा भेनेजुयलाकी कार्यवाहक राष्ट्रपति डेल्सी रोड्रिगेजले भन्नुभएको छ, "अन्तर्राष्ट्रिय समुदायले अहिलेसम्म ५२१ टन राहत सामग्री, ८६ वटा विशेष कुकुर खोज टोली र दुई हजार ७४१ भन्दा बढी खोज, उद्धार तथा प्राविधिक सहयोग कर्मी पठाएको छ, जसले भेनेजुयाली टोलीसँग मिलेर विपद् व्यवस्थापनमा काम गरिरहेका छन्।" उहाँले थप्नुभयो, "अन्तर्राष्ट्रिय कर्मीहरू भेनेजुयाली अधिकारीहरूसँग मिलेर दुई भूकम्पबाट प्रभावित क्षेत्रमा निरन्तर खोज, उद्धार र राहत कार्य गरिरहेका छन्।"

सीएनएनका अनुसार, "भेनेजुयलाका राष्ट्रिय सभाका अध्यक्ष जर्ज रोड्रिगेजले दिएको अद्यावधिक जानकारीअनुसार बुधबार भएको विनाशकारी दुई भूकम्पबाट कम्तीमा १,४३० जनाको मृत्यु भएको पुष्टि भएको छ।"

उहाँले तीन हजार २३८ जना घाइते भएको र तीन हजार १४२ परिवार घरबारविहीन भएको बताउनुभएको छ।

उद्धार टोलीहरूले बाँचेकाहरूको खोजी जारी राखेका छन् तर महत्त्वपूर्ण उद्धार समय सकिँदै गएको छ। भारी उपकरणको अभाव र निरन्तरको पराकम्पनले कार्यमा बाधा पुऱ्याइरहेको छ। बुधबार ७.२ र ७.५ म्याग्निच्युडका दुई ठुला भूकम्प गएपछि देशमा पटक-पटक साना ठुला पराकम्पनहरू गएका छन्, जसले उद्धार तथा राहत कार्यलाई जटिल बनाएको छ।

आइतबार 'युरोपियन-मेडिटेरेनियन सिस्मोलोजिकल सेन्टर' ले भेनेजुयलाको तटबाट ५.६ म्याग्निच्युडको भूकम्प गएको पत्ता लगाएको थियो, जसले आरागुवा तट नजिकको जल क्षेत्रलाई प्रभावित गरेको थियो। सीएनएनका अनुसार, भूकम्पलाई लोगारिदमिक म्याग्निच्युड स्केलमा मापन गरिन्छ, जहाँ प्रत्येक पूर्ण सङ्ख्या बढ्दा ऊर्जा रिलिज करिब ३२ गुणा बढी हुन्छ।

पहिलो भूकम्पभन्दा करिब ४० सेकेन्डपछि गएको भेनेजुयलाको दोस्रो ७.५ म्याग्निच्युडको भूकम्पले पहिलो ७.२ म्याग्निच्युडको भूकम्पभन्दा निकै बढी कम्पन गराएको थियो।

# फ्रान्समा गर्मीजन्य समस्याका कारण थप एक हजार जनाको मृत्यु

पेरिस, २८ जून (एएफपी)। पश्चिमी युरोपको ठुलो भागमा उष्ण लहरका कारण अपेक्षा गरिएभन्दा थप करिब एक हजार व्यक्तिको मृत्यु भएको छ।

"जून २४ देखि अघिल्ला महिनाहरूमा रेकर्ड भएका मृत्युको तुलनामा अनुमानित आँकडा करिब एक हजार अतिरिक्त मृत्यु देखिएको छ," पब्लिक हेल्थ फ्रान्सले जारी गरेको एक विज्ञप्तिमा भनिएको छ।

पब्लिक हेल्थ फ्रान्सले जोखिमको चेतावनी घोषणा गरिएका क्षेत्रहरू सबैभन्दा बढी प्रभावित भएको र यस गर्मीका कारण हुने कुल मृत्युमध्ये ८५ प्रतिशत ६५ वर्ष वा योभन्दा माथिका व्यक्तिहरू रहेको जनाएको छ।

स्वास्थ्य निकायका अनुसार विशेषगरी पेरिस र यसका उपनगरहरू समावेश इल-दे-फ्रान्स क्षेत्रमा सबैभन्दा बढी मृत्युघरमा नै रहेका समय भएको हो।

"यो तथ्याङ्कले एक्लो जीवन बिताइरहेका वा गम्भीर एकान्तमा रहेका विशेषगरी अत्यधिक सहरी क्षेत्रहरूमा रहेका उनीहरूप्रति एकताको भावनाका साथ सहयोगी उपायहरू आवश्यक रहेको सम्झना गराउँछ," विज्ञप्तिमा उल्लेख छ।

स्वास्थ्य क्षेत्रको यी आँकडाहरू प्रारम्भिक रहेको र वास्तविक सङ्ख्या अझ बढी हुन सक्ने बताइएको छ। फ्रान्सका धेरै क्षेत्रमा तापक्रम ४० डिग्री सेल्सियसभन्दा माथि पुगेको तातो दिनहरूपछि आइतबार भने फ्रान्सभर औसतमा केही कम गर्मी भएको छ।

# इरानका 'केही स्थान' मा अमेरिकी आक्रमण

वाशिङ्गटन, १४ असार (एएफपी)। अमेरिकाले शनिबार इरानमा 'केही स्थानमा' नयाँ आक्रमण गरेको जनाएको छ। यो आक्रमण स्ट्रेट अफ हर्मुज हुँदै गन्तव्यतर्फ गइरहेको एउटा जहाजमाथिको पछिल्लो आक्रमणको जवाफमा गरिएको हो।

अमेरिकी सेनाले यो पछिल्लो आक्रमणले इरानको निगरानी पूर्वाधार, सञ्चार प्रणाली, हवाई प्रतिरक्षा स्थल, ड्रोन भण्डारण सुविधा र समुद्रमा विस्फोटक पदार्थ बिछ्याउने क्षमतालाई लक्षित गरेको थियो।

इरानी सञ्चार माध्यमहरूले



"व्यावसायिक ढुवानीविरुद्ध इरानको निरन्तर आक्रामकताको प्रत्यक्ष जवाफमा अमेरिकी सेनाको सेन्ट्रल कमान्ड (सेन्टकम) ले आइतबार इरानमाथि आक्रमण गरेको छ," सेन्टकमले भनेको छ।

सेन्टकमले दिएको थप जानकारीमा भनिएको छ, "इरानले २० लाख ब्यारेलभन्दा बढी कच्चा तेल बोकेको पानामाको झन्डा भएको तेल ट्याङ्कर 'किकु' माथि शनिबार आक्रमण गरेको थियो।

इरानले इन्धन बोकेको ट्याङ्करलाई आक्रमण गरेपछि आइतबार अमेरिकाले प्रतिक्रियास्वरूप इरानका निश्चित स्थानमा हवाई आक्रमण गरेको वासिङ्टनले बताएको छ।

सेन्टकमले पछि ट्विटरमा ३५ सेकेन्डको एउटा धमिलो भिडियो पोस्ट गरेको थियो, जसमा आकाशबाट खिचिएको विभिन्न क्षेत्रमा भएको विस्फोट देखिन्छ।

"किकु माथि इरानको ड्रोन आक्रमणको जवाफमा अमेरिकी नौसेना र वायुसेनाका लडाकु जेटहरूले स्थानीय समय अनुसार शनिबार राति स्ट्रेट अफ हर्मुज र आसपासका क्षेत्रमा १० वटा इरानी सैन्य लक्ष्यहरूमाथि आक्रमण गरेका छन्," पोस्टमा लेखिएको छ।

दक्षिणी इरानको सिरिक र केश्म क्षेत्रमा धेरै विस्फोटहरू भएको रिपोर्ट गरेका छन्।

संयुक्त राज्य अमेरिकाले शुक्रबार पनि इरानले अर्को जहाज 'एभर लभ्ली' माथि गरेको आक्रमणको जवाफमा आक्रमण गरेको थियो।

अमेरिकी आक्रमणको बदलामा कुवेत र बहारिनमाथि आक्रमण: इरान

यसैबिच, इरानको इस्लामिक रिभोल्युसनरी गार्ड्सले आइतबार अमेरिकाले इरानी भूमिमाथि गरेको आक्रमणको बदलामा कुवेत र बहारिनमाथि आक्रमण गरेको जनाएको छ। यसका साथै गार्ड्सले कुनै पनि थप आक्रामकता भए 'कडा' जवाफ दिने चेतावनी दिएको छ।

गार्ड्सले आफ्नो विज्ञप्तिमा भनेको छ, "उनीहरूले कुवेतको अलि अल-सलेम र बहराइनको पोर्ट सलमानमा रहेको अमेरिकी नौसेना अड्डा (फिफ्थ फ्लिट) मा रहेका आठ महत्त्वपूर्ण अमेरिकी सैन्य सुविधाहरूमा भारी विस्फोटक पदार्थले प्रहार गरेका छन्।

"कुनै पनि शत्रुको आक्रमण नगण्य लक्ष्यमा भए वा जुनसुकै बहानामा भए पनि त्यसको सपना चकनाचुर पार्नेगरी जवाफ दिइनेछ, गार्ड्सले थपेको छ।

# जोर्डनविरुद्ध अर्जेन्टिनाको ३-१ को विजय, मेस्सीको खातामा थप एक गोल

आर्लिङ्गटन, १४ असार (एएफपी)। अर्जेन्टिनाले शनिबार जोर्डनविरुद्धको खेलमा ३-१ ले विजय निकालेको छ। यससँगै अबको खेल अर्जेन्टिना र केप भर्डेबिच नकआउट चरणका लागि हुनेछ। खेलको सुवाती समयमा बेञ्चमा रहेका जादुयी अर्जेन्टिनी फुटबल खेलाडी लियोनेल मेस्सीले जोर्डनविरुद्ध गरेको गोलसँगै उहाँ यस विश्वकपमा अहिलेसम्म सबैभन्दा बढी गोल हान्ने व्यक्ति बन्नुभएको छ।

उत्तर अमेरिकामा चलिरहेको यो विश्वकपको अन्तिम ३२ मा प्रवेश गर्दा मेस्सी अझै पनि गोलकर्ताहरूको शीर्ष स्थानमा छन्।

अर्जेन्टिनाले समूह जे मा पूर्ण ९ अङ्क जोडेर शीर्ष स्थान हासिल गरेको छ। यसअघि उनीहरूले अल्जेरियालाई ३-० र अस्ट्रियालाई २-० ले हराएका थिए, जसमा सबै गोल मेस्सीले गर्नुभएको थियो। डिफेन्डिङ च्याम्पियन अर्जेन्टिनाका ३९ वर्षीय मेस्सीको टोली कमजोर समूहमा भए पनि निकै बलियो देखिएको छ।

धेरै खेलाडी फेरबदल गरिएको अर्जेन्टिनाले पहिलो हाफमा जोभानी लो सेल्सोको फ्री-किक र लाउतारो मार्टिनेजको पेनाल्टीबाट गोल गरेको थियो। दोस्रो हाफको १० मिनेटपछि मुसा अल-तमारीले जोर्डनका लागि एक गोल फर्काउनुभएको थियो। जोर्डनको यो पहिलो विश्वकप यात्रा पहिल्यै सकिएको थियो।

आइतबारको खेलका लागि अर्जेन्टिनाका प्रशिक्षक लियोनेल स्कालोनीले नौ खेलाडी परिवर्तन गरेका थिए। अस्ट्रियाविरुद्धको जीतपछि मात्र गोलकिपर इमिलियानो मार्टिनेज र फरवार्ड लाउतारो मार्टिनेजलाई टिममा राखिएको छ।

जोर्डन, अल्जेरिया र अस्ट्रियासँग हारेर पहिल्यै बाहिरिसकेको थियो, त्यसैले यो खेल जितेको भए पनि जोर्डनलाई अगाडि बढाउने सम्भावना थिएन।

अर्जेन्टिनाको टोलीमा प्रतिस्पर्धा कडा छ र स्कालोनीले टोलीलाई फ्रान्स र सह-आयोजक मेक्सिकोसँगै ९ अङ्कसहित टुर्नामेन्टमा राख्न चाहनुहुन्थ्यो।

अर्जेन्टिनाले सन् १९६२ को ब्राजिलपछि लगातार दुई पटक विश्वकप जित्ने पहिलो टोली बन्ने लक्ष्यका साथ केप भर्डेविरुद्धको खेलअघि 'सरप्राइज प्याकेज' दिन चाहन्थ्यो।

वडाध्यक्षको डायरीबाट

# एकल महिलालाई मैले न्याय दिन सकिनँ

कुशल

एकदिन म खाना खाएर वडा कार्यालयमा जान तयारी गर्दै थिएँ । त्यही समयमा घरमा एकजना महिला आइपुग्नुभयो । मैले उहाँलाई वडा कार्यालयमा जाने समय भएकोले वडामा नै गएर कुरा गर्न अनुरोध गरेँ । तर उहाँले प्रत्युत्तरमा भन्नुभयो, "वडामा कुरा गर्न अलि मिल्दैन । मेरो व्यक्तिगत कुरा भएकोले तपाईंलाई घरमै भेट्न भनेर आएकी हुँ । कृपया मलाई दस मिनेट दिनुहोला । ममाथि धेरै अन्याय भयो । मलाई धेरै दु:ख दिए । त्यही भएर वडाअध्यक्षले मेरो कुरा सुनिदिनुपर्‍यो ।"

मैले घरको बैठक कोठामा लिएर गएँ र आफ्नो भनाइ राख्न अनुरोध गरेँ ।

त्यस महिलाले अगाडि भन्नुभयो, "मेरो नाम शर्मिला सुवाल (नाम परिवर्तित) हो । मेरो श्रीमान्‌को नाम राम सुवाल (नाम परिवर्तित) हो । मेरो घर यही वडामा हो । तर, म अहिले सूर्यविनायकमा पसल थापेर बसेकी छु । हिजो वडामा आएर पसल दर्ता गर्न आउने मेरो कान्छा छोरा हो । मेरो चार जना छोरा छन् । एकजना चीनमा काम गर्न गएको छ भने एकजना दुबइमा काम गर्दै छ । एकजना बालकोटमा आफ्नै घर बनाएर बसेको छ । एकजना मसँग डेरामै बस्छ । मेरो श्रीमान्‌ले मलाई छोडेर बसेको पनि तीस वर्षभन्दा बढी भयो होला । उनी काठमाडौँमा अर्को श्रीमतीसँग बस्छन् । उनले मलाई कहिल्यै वास्ता गरेनन् । सूर्यविनायकको एउटा पसल चलाएर मैले चार जना छोराहरू हुर्काएँ र पढाएँ । श्रीमान् र सासू ससुराले मलाई धेरै हेपे । त्यसैले हिजो छोराले पसल दर्ता गर्न आउँदा तपाईंले धेरै कर लगाउनुभयो रे । अनि त्यो कर कम गरिदिनुहोला । अनि मेरो श्रीमान्‌लाई वडामा झिकाएर मेरो भागको सम्पत्ति पनि लिइदिनुपर्‍यो । दुई ठाउँको जग्गा त बेचिसके । करिब एक रोपनी जग्गा बेचेको खबर छ । पच्चीस वर्षदेखि उसको अनुहार नै देखेको छैन । जग्गा बेचेको पनि मलाई थाहा भएन । मेरो र छोराहरूको भाग पनि बेचिदिएछन् । १२ आना बाँकी छ । त्यो भए पनि लिइदिनुपर्‍यो । अनि मेरो श्रीमान्‌ले अर्की श्रीमती लिएर बसेका छन् । उनलाई विवाह दर्ता, नागरिकता र जन्म दर्तासमेत रोकिदिनुपर्‍यो । घरमा श्रीमती र चार जना छोरा हुँदाहुँदै अर्को विवाह गरी बाहिर बस्ने कस्तो श्रीमान् होला ? मलाई वडाध्यक्षले न्याय दिनुपर्‍यो !"

उहाँको कुरा सुनेबित्तिकै केही दिन पहिले वडाको एकजना स्वयम्‌सेविकाले एकजना मान्छेको वडामा विवाह दर्ता, नागरिकता र जन्म दर्ता रोक्नुपर्‍यो भनेर भनेको याद आयो । सम्भवत: ती स्वयम्‌सेविकाले भनेको मान्छे यही महिलाले भनेको मान्छे जस्तो लाग्यो । मैले उहाँसँग स्वयम्‌सेविका कार्यकर्ताले भनेको कुरामा जिज्ञासा राखेँ । उहाँले उक्त कुरा स्वयम्‌सेविकालाई भनेको स्वीकार गर्नुभयो । मैले उहाँको श्रीमान्‌को नाम र मोबाइल नम्बर लिएँ ।

वडामा जाने समय ढिलो भइसकेको थियो । मैले मोबाइलमा घडी हेरेँ । करिब ११ बजिसकेको थियो । उहाँ भने आफ्नो दु:ख बताउँदै रुन थाल्नुभयो । घरमा म एक्लै थिएँ । घरमै रुन थाल्नुभएकोले मलाई के गरुँ के गरुँ हुन थाल्यो । मैले उहाँलाई सान्त्वना दिँदै नरुन सम्झाएँ । मैले उहाँको कुरा ध्यान दिएर सुन्न थालेँ । करिब एक घण्टा जति उहाँको कुरा सुनेपछि बल्ल उहाँ घरबाट बाहिर जानुभयो र म वडा कार्यालयमा गएँ ।

वडा कार्यालयमा गएर मैले त्यस महिलाकी श्रीमान् राम सुवाललाई कल गरेँ । तर, उहाँले कल रिसिभ गर्नुभएन । त्यसपछि उहाँको भाइ पुरुषोत्तम सुवाललाई कल गरेँ । उहाँले दाइ राम सुवाललाई जसरी भए पनि वडामा पठाइदिन्छु भन्नुभयो । भोलिपल्ट मलाई राम सुवालले कल ब्याक गर्नुभयो र भन्नुभयो, "वडाध्यक्षजी नमस्ते । हिजो तपाईंले फोन गर्नुभएको रहेछ । म पसलमा व्यस्त भएकोले फोन रिसिभ गर्न पाइन । आज बिहानै भाइले कल गरेको थियो । त्यही भएर मैले कल ब्याक गरेको हुँ । तपाईंले किन मलाई सम्झनुभयो ?" मैले उहाँलाई भनेँ, "तपाईंको श्रीमतीले सम्पत्ति मागेका छन् । छोराहरूले पनि सम्पत्ति मागेका छन् । करिब एक रोपनी जग्गा श्रीमतीलाई थाहा नै नदिई जग्गा बेचेको रहेछ । बाँकी १२ आना जग्गा बाँकी छ रे । त्यो भए पनि उनीहरूलाई दिनुपर्‍यो भन्छन् । के विचार छ तपाईंको ?"

राम सुवालले जवाफमा भन्नुभयो, "गुठीको १२ आना जग्गा बाँकी छ । त्यो उनीहरूलाई दिन बाँकी राखेको हुँ । तर, उनी चार जना छोरालाई नदिई एक्लैको नाममा मात्र लिन चाहन्छिन् । उनले कमाएको सम्पत्ति छोराले र मैले लेला भन्ने चिन्ता छ । सरलाई उनको भित्री मनसाय थाहा रहेनछ । उनलाई र मेरो चार छोरालाई त्यो १२ आना जग्गा दिन म तयार छु । सरले मलाई वडामा बोलाउनुस् । म जहिले भए पनि त्यो जग्गा दिन तयार छु ।" राम सुवाललाई भोलि वडामा आउनुस् र कुराकानी गरौँला भन्दै फोन राखिदिएँ ।

भोलिपल्ट उहाँ वडामा आउनुभयो । श्रीमतीलाई सम्पत्ति नियमानुसार दिने र त्यो सँगै छोराहरूलाई पनि बराबर सम्पत्ति दिने कुरा उहाँले बताउनुभयो । मैले राम अवाललाई भनेँ, "तपाईंले चार चार जना छोरा हुँदाहुँदै अर्को विवाह गर्न मिल्छ र ? आफ्नै श्रीमतीलाई एक्लै छोडेर अर्कैसँग बस्ने भनेको त नैतिकताविपरीतको कुरा भयो । त्यसैले पहिलो श्रीमतीलाई तपाईंले कुनै पनि हालतमा सम्पत्ति दिनुपर्छ । आफू अर्कैसँग बस्ने अनि पहिलो श्रीमतीलाई घर बाहिर राख्न मिल्दैन । त्यसैले तपाईंले सम्पत्ति दिनुपर्छ ।" उहाँले मेरो कुरामा केही पनि प्रतिवाद गर्नुभएन । मेरो भनाइ सुनेपछि राम सुवालको अनुहार कालो निलो देखियो । सायद उहाँमा बोल्ने र प्रतिवाद गर्ने हिम्मत भएन । उहाँले आफ्नो पहिलो श्रीमतीलाई नियमानुसार सम्पत्ति दिने मात्र भन्नुभयो । यसो हेर्दा सम्पत्ति बाँडफाँडमा केही समस्या नरहेको जस्तो लाग्यो ।

त्यसको केही दिनपछि शर्मिला सुवाल भाउजू फेरि वडामा आउनुभयो । उहाँले मसँग श्रीमान्‌सँग कुराकानी भए नभएको कुरा सोध्नुभयो । मैले उहाँलाई राम सुवालसँग राम्रो कुराकानी भएको बताएँ । शर्मिला सुवाल हिजोसम्म छोरा र आफूलाई सम्पत्ति चाहियो भन्दै हुनुहुन्थ्यो । तर, उहाँले आज त्यो १२ आनाको जग्गा आफ्नै नाममा मात्र चाहियो भन्नुभयो । उहाँले छोराहरूलाई आफ्नो शेषपछि मात्र त्यो जग्गा दिने बताउन थाल्नुभयो । मैले उहाँलाई भनेँ, "तपाईंको श्रीमान् राम सुवालले तपाईं र चार जना छोरालाई १२ आना जग्गा दिने वचन दिनुभएको छ । तर, तपाईंले चार जना छोरालाई वडामा उपस्थिति गराउनुपर्‍यो । विदेशमा दुई जना छोरा रहेछन् । तिनीहरूलाई वडामा उपस्थिति गराउन आवश्यक भएन । तर, यहाँ भएका दुई जनालाई तपाईंले वडा कार्यालयमा ल्याउनुपर्‍यो । चार जना र तपाईंको नाममा जग्गा दिन म पनि सिफारिस दिन तयार छु ।" मेरो कुरा सुनेपछि उहाँ अकमकाउन थाल्नुभयो । जेठो छोरा र माइलो छोरासँग आफ्नो कुरा नमिलेको बताउन थाल्नुभयो । मैले सम्पत्तिको कुरा नमिले पनि छोराहरूलाई बराबर दिनुपर्ने बताएँ । त्यसपछि म विचार गर्छु भनी उहाँ जानुभयो ।

त्यसपछिका धेरै दिनसम्म शर्मिला भाउजू वडा कार्यालयमा आउनुभएन । करिब ६ महिनापछि फेरि उहाँ वडा कार्यालयमा आउनुभयो । उहाँले वडा कार्यालयमा रुन्दै भन्नुभयो, "मलाई मेरो भागको सम्पत्ति १२ आना जग्गा भए पनि लिइदिनुपर्‍यो । छोराहरू मसँग मिलेर बस्न चाहँदैनन् । छोराहरू सबै आ–आफ्नै श्रीमती लिएर बसेका छन् । मेरो सहारा भनेको तपाईं मात्र हो । तपाईंले जसरी भए पनि जग्गा लिइदिनुपर्‍यो । त्यत्ति जग्गा भएमा म सानो टहरा हालेर भए पनि बस्छु । मेरो श्रीमान् र छोराहरूले मलाई हेर्दैनन् सर । यो संसारमा आफ्नो भनेको कोही रहेनछ । त्यसैले म एक्लै बस्छु । म एक्लै बाँच्छु । तपाईंले १२ आना जसरी भए पनि मेरो नाममा लिइदिनुपर्‍यो ।"

उहाँको कुरा सुनेर मलाई अचम्म लाग्यो । त्यसैले मैले सम्झाउँदै भनेँ, "भाउजू, तपाईं श्रीमान्‌सँग पनि मिलेर बस्न नसक्ने अनि चार जना छोरासँग पनि मिलेर बस्न नसक्ने । कमसेकम एकजना छोरासँग त मिलेर बस्नुस् । छोराहरू त आफ्नै हुन् नि । किन तपाईं मिलेर बस्न सक्नुभएन ? तपाईं हामीमा पनि केही कमजोरी हुन्छ । त्यसैले परिवारसँग मिलेर बस्न सिक्नुपर्छ । धेरै दु:ख गरेर हुर्काएको छोरासमेत तपाईंलाई मन नपर्नु भनेको तपाईंसँग पनि केही खोट छ भन्ने पुष्टि हुन्छ । तपाईंको श्रीमान्‌ले १२ आना जग्गा सबैलाई बाँडेर दिन्छु भनेका छन् । तपाईंले छोरा बुहारी सबैको भागसमेत लिन खोज्नु भएकोले श्रीमान् र छोराले दिन नमानेका हुन् । छोरा र श्रीमान्‌सँग नमिलेको अवस्थामा अंश भाग तपाईंले खान पाउनु हुन्न । त्यसैले तपाईंको भागको मात्र सम्पत्ति म दिलाउन पहल गर्ने दिन सक्छु । १२ आना जग्गा दिनको लागि श्रीमान्‌लाई बाध्य गर्न मिल्दैन । अदालत गए पनि तपाईंले १२ आना जग्गा पाउनु हुन्न । एक पटक विचार गर्नुपर्ला ।"

मेरो कुरा सुनेपछि शर्मिला भाउजूको अनुहार अँध्यारो देखियो । उहाँले केही बोल्न सक्नुभएन । उहाँ केही बेर चुप लागेर बस्नुभयो । मैले एक पटक विचार गरेर फेरि वडा कार्यालय आउनु अनुरोध गरेँ । त्यसपछि उहाँ जानुभयो ।

मलाई कस्तो कस्तो लाग्यो । मसँग न्याय माग्न आएकी एकल महिलालाई न्याय दिनुको सट्टा अन्याय पो गरेँ कि जस्तो लाग्यो । तर, एक एकल महिला कसरी आफ्नै अव्यवहारिक बानी व्यहोराले गर्दा श्रीमान् र छोराहरूबाट टाढियो जस्तो पनि लाग्यो । आफ्नै मात्र सोच सही ठान्ने, अनि अरुलाई सधैँ गलत सोच्ने प्रवृत्ति पक्कै राम्रो होइन । श्रीमान्‌लाई मान्छे नठान्ने अनि छोरा बुहारीलाई मान्छे नगन्ने प्रवृत्तिले नै एकल बस्नु परेको हो कि जस्तो लाग्यो । समय र परिस्थितिलाई आफू अनुकूल ढाल्न नसकेकोले पनि एक्लो बस्नु परेको हो कि जस्तो लाग्यो ।

# आफ्नालाई काखा, बाँकीलाई पाखा : छानीछानी कारबाही गर्दै छ सरकार

- धनु विश्वकर्मा

नेपालीमा एउटा उखान छ – कसैलाई चैन, कसैलाई ऐन । सरकारका काम कारबाही हेर्दा यो उखान ठ्याक्कै लागू भएको भान हुन्छ । सरकार गठन भएको भोलिपल्टदेखि सुरु भएको यो व्यवहार झन् संस्थागत हुने बाटोमा छ । एमाले अध्यक्ष केपी शर्मा ओली पक्राउदेखि अहिले सम्पत्ति छानबिन गर्नेसम्म 'सेलेक्टिभ' व्यवहार देखिन्छ । जसलाई पक्षपातपूर्ण व्यवहार भनिन्छ । यस्तो व्यवहार सरकार र सदन दुवै ठाउँमा देखिएको छ ।

हुँदाहुँदा यसको सिको सभामुखले पनि गर्न थालेका छन् । सभामुख डोलप्रसाद (डीपी) अर्यालले प्रतिनिधिसभा नियमावली–२०८३ लाई विशेष कानुनसरह लागू हुने व्यवस्था गरे । गम्भीर फौजदारी अभियोग लागेका संसद्‌लाई उन्मुक्ति दिने यसअघिका कुनै पनि नियमावलीमा विशेषाधिकारको रूपमा व्यवस्था गरिएको थिएन । प्रतिनिधिसभा नियमावलीमा विशेष कानुनसरह लागू हुने यस्तो व्यवस्था गरिएपछि प्रश्न उब्जिएको छ – कतै यो राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेलाई उन्मुक्ति दिन गरिएको व्यवस्था त होइन ?

यसअघिको नियमावलीमा फौजदारी अभियोगमा कुनै सांसदमाथि उजुरी पर्‍यो भने ती सांसदको पद स्वत: निलम्बन हुने व्यवस्था थियो । प्रतिनिधिसभा नियमावली–२०७९ अनुसार सभापति लामिछानेको सांसद पद निलम्बनमा परेको थियो । प्रतिनिधिसभा नियमावली–२०८३ जेठ १७ गते सभाको बहुमतले पारित गर्‍यो । विपक्षी दलहरूको चर्को विरोधका बाबजुद सभामुख अर्यालले पेलेरै नियमावली पारित गरे । उक्त दिन सत्तापक्ष र प्रतिपक्षका सांसदबिच धकेलाधकेलसमेत भएको थियो । आफ्ना सभापतिलाई उन्मुक्ति दिनकै लागि सरकार र सभामुख दुवैले 'सेलेक्टिभ' व्यवहार गरेको प्रस्ट देखिन्छ ।

विपक्षी सांसदले बोलेको विषयमा नियमापत्ति






हुँदा तुरुन्तै संसद्‌को रेकर्डबाट हटाउन आदेश दिने सभामुख अर्याल प्रधानमन्त्रीले राष्ट्रहितविपरीत बोल्दा भने सुनेको नसुन्यै गर्छन् । सत्तापक्षीय सांसदहरू विजयी भावमा ताली बजाउँछन् । प्रतिपक्षका सांसदले विरोध गरिरहँदा सत्तापक्षका सांसदले पाखुरा कस्ने सायद संसदीय इतिहासमा पहिलो भएको हुनसक्छ । खगेन्द्र सुनार, आशिका तामाङ र अशोक चौधरी जुरुक्क उठेर विपक्षीलाई कुटौँलाझैँ गर्दा पनि सभामुख अर्याल टुलुटुलु हेरेर बस्छन् । रास्वपा सांसद यज्ञमणि न्यौपाने र समीक्षा बाँस्कोटाले संविधानविपरीत हुने गरी अदालत र न्यायाधीशबारे बोल्दा त्यसमा पनि सभामुख अर्यालले कुनै प्रतिक्रिया जनाएनन् । अर्थात्, संविधानको विरोधमा बोल्दा पनि रास्वपाका सांसदहरूलाई छूट दिन थालियो । संसद्‌मा प्रधानमन्त्रीले जवाफ नदिएको भन्दै प्लेकार्डमार्फत साङ्केतिक विरोध जनाएका श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङ र उनका सांसदलाई भने सभामुखले संसद् बैठकबाट निकाल्नेसम्मको चेतावनी दिएका थिए । त्यति मात्रै होइन, सांसद ऐनबहादुर महरसँग त रास्वपाको नेता जसरी नै सवाल जवाफ गरेको देखियो ।

जेठ २७ गतेको प्रतिनिधिसभा बैठकमा विपक्षी दलका प्रमुख नेता भीष्मराज आङदेम्बेले सभामुखलाई 'घुम्ने मेचमाथी ... मान्छे' को संज्ञा दिएका छन् । लाक्षणिक रूपमा भूपि शेरचनको कविता वाचन गर्दै सभामुखलाई भन्दा सभापति लामिछानेसहित सत्तापक्षका सांसदहरूले विरोधको ताली बजाए । सभामुखको भूमिकालाई लिएर चौतर्फी आलोचनासमेत भइरहेको छ ।

सरकारको अर्को 'सेलेक्टिभ' व्यवहार सम्पत्ति छानबिनमा पनि देखिन्छ । सरकारले पूर्वकर्मचारीदेखि मन्त्रीसम्मको सम्पत्तिमाथि अनुसन्धान गर्ने भन्दै आयोग बनाइसकेको छ । वैशाख २ गते सर्वोच्च अदालतका पूर्वन्यायाधीश राजेन्द्रकुमार भण्डारीको अध्यक्षतामा पाँच सदस्यीय सम्पत्ति छानबिन आयोग गठन गरेको छ । आयोगमा पुनरावेदन अदालतका पूर्वमुख्य न्यायाधीश पुरुषोत्तम पराजुली, उच्च अदालतका पूर्वन्यायाधीश चण्डीराज ढकाल, पूर्वप्रहरी नायब महानिरीक्षक (डीआईजी) गणेश केसी र चार्टर्ड एकाउन्टेण्ट प्रकाश लम्साल सदस्य छन् ।

यसमा रोचक के छ भने बहालवाला राष्ट्रपति र पूर्वराष्ट्रपति, न्यायाधीश र सैनिक अधिकारीबाहेकको सम्पत्ति छानबिन हुने भनिएको छ । जेन–जी विद्रोह हुनुभन्दा पहिलाका प्रधानमन्त्री, मन्त्री र सांसदमात्रै अब अनुसन्धानको दायरामा आउनेछन् । २०६२/६३ को समयसीमा भनेको नेपालको इतिहासमा राजतन्त्र फ्याँकेर गणतन्त्र ल्याइएको महत्त्वपूर्ण मोड पनि हो । तर, यो गणतन्त्र मन नपराउने र स्वीकार नगर्नेका लागि यो फगत् समय मात्रै हुन सक्छ । यस समयभित्र भ्रष्टाचार भएको र यसभन्दा अघिपछि नभएको त पक्कै होइन । स्मरण रहोस्, राजा महेन्द्रले 'कू–देता' गर्ने अस्त्र पनि भ्रष्टाचारलाई नै बनाएका थिए । २००७ वा २०४६ सालयताका उच्च पदस्थहरूको सम्पत्ति अनुसन्धान गर्ने किन भनिएन ? प्रश्न उठ्नु स्वाभाविक हो । त्यस्तै, अन्तरिम सरकारदेखि हालसम्मका कसैमाथि छानबिन नहुनुले के देखाउँछ भने जसले सुशासनको जगमा दुई तिहाइनजिक जनमत ल्यायो, उसैले आफूलाई चोख्याइरहेको छ । मन्त्री बनिसकेपछि सुधन गुरुङले सम्पत्ति आर्जन गरेको पाइएको छ । अहिलेका सांसद वा मन्त्री कोही न कोही राज्यबाट लाभ लिएकाका सन्तान छन् । प्रधानमन्त्री बालेन्द्र साह स्वयं काठमाडौँ महानगरपालिकाका पूर्वमेयर हुन् ।

प्रधानमन्त्री साहले सपथ लिएको भोलिपल्ट अर्थात् चैत १४ गतेदेखि नै 'सेलेक्टिभ' व्यवहार देखाउन सुरु गरेका थिए । चैत १३ गते प्रधानमन्त्रीलगायत मन्त्रिपरिषद् सदस्यले शपथ लिएकै दिन बसेको बैठकले चारवटा निर्णय गर्‍यो । पहिलो, भदौ २३ र गते भएको जेन–जी प्रदर्शन तथा यसअघि भएका विभिन्न आन्दोलनका सम्पूर्ण सहिदलाई सम्मान एवं श्रद्धाञ्जली दिने । दोस्रो, शिक्षा मन्त्रीलाई सरकारको प्रवक्ता तोक्ने । तेस्रो, सरकारका शासकीय सुधारका सय कार्यसूची चैत १४ गते स्वीकृत गर्ने । चौथो, भदौ २३ र २४ गते भएका घटनाको जाँचबूझ गर्न गौरीबहादुर कार्कीको अध्यक्षतामा गठित आयोगले सरकारसमक्ष पेस गरेको प्रतिवेदन कार्यान्वयन गर्ने । तर, आयोगले सिफारिश गरेका व्यक्ति र निकायमध्ये सुरक्षा संयन्त्रको हकमा अध्ययन समिति गठन गर्ने र उक्त समितिले पेस गरेको सिफारिश बमोजिम गर्ने । यस निर्णयबाटै सुरक्षा निकायलाई उन्मुक्ति दिने काम भएको थियो ।

शपथको पछिल्लो दिन अर्थात् २०८२ चैत १४ गते सरकारले चौथो नम्बर बुँदालाई सबैभन्दा बढी प्राथमिकतामा राख्यो । सरकारको निर्णयअनुसार त्यसबेलाका गृहमन्त्री सुधन गुरुङ भोलिपल्टै 'एक्सन' मा उत्रिए । मन्त्रालय सम्हालेकै साँझ उनले नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीका सुरक्षा प्रमुखहरूसँग परामर्श गरे । त्यसलगत्तै पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई पक्राउ गर्न नेपाल प्रहरीलाई आदेश दिएपछि ओली र लेखकलाई पक्राउ गर्न चैत १४ गते बिहान झिसमिसेमै प्रहरी तैनाथ गरिएको थियो । सुरुमा लेखकलाई भक्तपुरको कटुन्जेस्थित निवासबाट र त्यसपछि भक्तपुरकै गुण्डुबाट ओलीलाई पक्राउ गरिएको थियो ।

सरकारले यसलाई भदौ २३ र २४ गतेको घटनासम्बन्धी जाँचबूझ आयोग–२०८२, प्रतिवेदन कार्यान्वयन गर्ने मन्त्रिपरिषद्‌को निर्णयअनुसार पक्राउ गरिएको भन्यो । गौरीबहादुर कार्की नेतृत्वले तयार पारेको प्रतिवेदनले तत्कालीन प्रधानमन्त्री ओली, गृहमन्त्री लेखक, प्रहरी प्रमुख

बाँकी पृष्ठ ८ मा

# युवा-विद्यार्थीहरूका लागि डिजिटल मार्केटिङसम्बन्धी एकमहिने तालिम सुरु




भक्तपुर, १४ असार । भक्तपुर नगरपालिका ९ नं. वडा कार्यालयको आयोजनामा वडावासी युवा-विद्यार्थीहरूका लागि डिजिटल मार्केटिङसम्बन्धी आइतबारदेखि सुरु भएको एकमहिने तालिमको नगर प्रमुख सुनिल प्रजापतिले एक समारोहबिच समुद्घाटन गर्नुभयो ।

कार्यक्रममा प्रमुख प्रजापतिले सूचना प्रविधिको विकासले संसार नै गाउँजस्तो बनिरहेको अवस्थामा संसारभरिका युवाहरूसँग भक्तपुरका युवाहरूले अध्ययन, पेसा, खेलकुदलगायत सबै क्षेत्रमा प्रतिस्पर्धी बन्न सक्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले व्यक्तिगत स्वार्थपूर्तिका लागि नभई समाज र देशको हितको लागि सूचना प्रविधिको सदुपयोग गर्न निर्देशन दिँदै ऊर्जा उत्पादनको उद्देश्यले आणविक शक्तिको आविष्कार गरेका वैज्ञानिकहरू साम्राज्यवादी देशहरूले हिरोसिमा र नागासाकी ध्वस्त पार्न एटम बम खसाल्दा पश्चाताप व्यक्त गरेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "सामाजिक सञ्जाल र डिजिटल सूचना प्रविधिको उपयोग गर्दा आचारसंहिताको पालना गर्नुपर्छ र गलत नियतलाई अपराध मानिन्छ ।"

वडाध्यक्ष रवीन्द्र ज्याख्वले भक्तपुर नगरपालिकाले युवालक्षित गतिविधिलाई निरन्तरता दिने क्रममा समयको माग र युवा पुस्ताको आकर्षण रहेको डिजिटल मार्केटिङको तालिम सञ्चालन गरेको बताउनुभयो ।

कार्यपालिका सदस्य छोरीमैयाँ सुजखूले वडावासी युवा विद्यार्थीहरूको व्यक्तित्व विकास र अध्ययनसंगै सीप प्रदान गर्ने उद्देश्यले तालिम सञ्चालन गरेको प्रस्ट पार्दै सीपको उपयोग गर्न सबैमा अनुरोध गर्नुभयो ।

प्रशिक्षक अनिल पाउँले डिजिटल मार्केटिङको तालिमको पाठ्यक्रमबारे जानकारी दिँदै सैद्धान्तिकभन्दा व्यवहारिक पक्षलाई जोड दिएको उल्लेख गर्नुभयो ।

कार्यक्रममा वडाका कर्मचारी मीरा बासुकलाले पनि बोल्नुभएको थियो ।

# जाँचबुझ आयोगमा सरोकारवालाहरूको बयानको सार सङ्क्षेप - ३९

**TOB समूहका अध्यक्ष तेन्जिन दावा लामाको कागज व्यहोरा**

मैले मेरो वंश-जातलाई प्रतिनिधित्व हुने गरी Tibetan original blood (TOB) भन्ने शब्द Create गरेको हुँ, जसको कुनै सङ्गठन छैन । म संस्थापक अध्यक्ष रहेको (The Original Brother) नामको 'मोटर साइकल क्लव' मा सुरुमा ४५/५० जना सदस्य रहेकोमा हाल १२ जना मात्र छौँ । The Original Brother 'मोटरसाइकल क्लव' लाई औपचारिक रूपमा दर्ता गर्ने क्रममा छु । Tibetan original blood को Uniform/jacket insignia प्रयोग गर्ने कुनै लिखित नियम छैन । तर, कार्यक्रम हुँदा क्लबको टिसर्ट लगाउने गरिएको हो ।

भदौ २३ गते जेनजी युवा समूहले आन्दोलन गर्दै छ भन्ने सामाजिक सञ्जालबाट थाहा भएको थियो । भदौ २३ गते बिहान करिब ०९:०० बजे मलाई सोनाम शेर्पाले फोन गरी साथीभाइहरू आन्दोलनमा जाने तयारी गर्दै छन् भनेपछि म पनि कोठाबाट १०:४० बजे निस्केको हुँ । हामीहरू चावहिल चोकमा भेला भई करिब १०/१२ वटा मोटरसाइकलमा २/२ जना बसेर धोबि खोलाको बाटो हुँदै बिजुली बजार पुलमा अन्दाजी ११:४० बजे पुगेका थियौँ । नयाँ बानेश्वर चोक पुगेर आकाशेपुल कट्न नसकेपछि मोटरसाइकल साइडमा राखी प्रदर्शनमा सहभागी भएको हुँ । मैले भिडमा एक जनाबाट ह्यान्डमाइक मागेर 'के.पी. मोरो, रन्डिको छोरो' 'मेरो देश मेरो शान' जस्ता नारा लगाएको थिएँ । एक्कासि मेरो टाउकोमा २ वटा ढुङ्गाले चोट लागेर रगत बग्न थालेपछि पुन: धोबिखोला हुँदै घर गएको हुँ । सामाजिक सञ्जालमा Tibetan original blood लेखिएको ज्याकेट लगाई प्रदर्शनमा सहभागी भएको मानिस मै हुँ । नेपालमा बसेर 'एक चीन नीति' को विरोध गर्न पाइँदैन भन्ने मलाई थाहा छ । नेपालको संविधान, सार्वभौमसत्ता र अखण्डताबारे मेरो कुनै विरोध छैन । भदौ २३ गते प्रदर्शन स्थलमा मैले Hate speech /separatist slog बल पृथकतावादी नारा लगाएको थिइन ।

"मलाई मेरो देश मलाई फिर्ता चाहियो, मेरो देश मेरो शान" भन्ने नारा मैले भ्रष्टाचारबाट मुक्त आफ्नै देश नेपाल चाहियो भन्ने सन्दर्भमा लगाएको हुँ । हामी संसद् भवनसम्म पुग्नै सकेनौँ र सामाजिक सञ्जालमा देखिएका संसद् भवन आसपास ठुलो आवाज निकाल्दै शान्तिपूर्वक प्रदर्शनमा बुलेटबाइक चलाएका व्यक्तिहरू हामी तथा हाम्रो समूह होइन ।

**राष्ट्रिय ट्रमा सेन्टर महाबौद्धका डा. रुपेश यादवको कागज व्यहोरा**

भदौ २३ गते नियमित रुटिनमा काम कारबाही चलिरहेको थियो । भदौ २३ गते मेरो ड्युटी आईसीयूमा थियो । उक्त दिनको आन्दोलन बच्चाहरूको भएकोले राज्य कठोर रूपमा प्रस्तुत नहोला; ठुलो सुरक्षा थ्रेट नहोला र सामान्य लाठीचार्जसम्म होला भन्ने आकलन थियो । तर, मिडियाबाट गोली चलेको जानकारी पाएपछि अप्रेसन युनिटको नियमित अप्रेसनहरू छिटो सकाई अप्रेसन थिएटर खाली राख्ने तयारी थालेका थियौँ ।

राष्ट्रिय ट्रमा सेन्टरमा यो युनिटमा काम गर्ने जम्मा ११ जनामात्र छौँ । लगभग दिनको १३:०० बजेतिर गोली लागेका घाइते बच्चाहरू अस्पतालमा आउन थाले । छर्रासम्म लागेका घाइतेहरू आउलान् भन्ने अपेक्षाविपरीत ठुलो सङ्ख्यामा Gun Shot का घाइतेहरू ( जोर्नी, थाई, हिप, स्पनाइनल कर्डमा गोली लागेका) ओइरिन थाले । त्यसपछि अस्पतालमा स्वास्थ्य इमर्जेन्सी घोषणा गरी घाइतेको उपचारमा संलग्न रह्यौँ । घाइतेको अवस्थाअनुसार Yellow, Green, Black, Red Zone मा विभाजित गरी उपचार प्रक्रिया अगाडि बढायौँ ।

२३ गतेको एकजना घाइतेको खुट्टासमेत काट्नु परेको थियो । २४ गते कोटेश्वरलगायतका स्थानबाट घाइतेहरू आउन थाले । उपचारको लागि आएका बिरामीमध्ये केही त आन्दोलनमा सहभागी नभएकाहरू थिए । उनीहरू कफी पिउँदै गरेको अवस्थामा सर्भाइकल स्पाइनल कर्डमा गोली लागेर गम्भीर अवस्थाका रहेछन् । यो घटनामा १७/१८ वर्षका बच्चा उमेरका घाइते धेरै थिए ।

***प्रमुख...***

सार्वभौमिकतासँग जोडिएको विदेशी अनुदान भक्तपुर नगरपालिकालाई स्वीकार्य नहुने स्पष्ट पार्दै प्रमुख प्रजापतिले नेपाल मजदुर किसान पार्टीको अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले लेख्नुभएको 'सय वर्षपछिको भक्तपुर' किताब नै भक्तपुर नगरपालिकाको लागि मार्गनिर्देशक भएको बताउनुभयो ।

कार्यक्रममा व्यवसायी मोहन प्रधानले नगरपालिकाको गतिविधिबारे राख्नुभएको जिज्ञासालाई प्रमुख प्रजापतिले स्पष्ट पार्नुभएको थियो ।

कार्यक्रममा ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठले ख्वप मा.वि./ कलेजबारे जानकारी गराउनुभएको थियो ।

***आफ्नालाई...***

चन्द्रकुवेर खापुङ र काठमाडौँ जिल्लाका प्रमुख जिल्ला अधिकारी (सिडिओ) छवि रिजाललाई फौजदारी कसूरमा अनुसन्धान अघि बढाउन सिफारिश गरेको थियो ।

यद्यपि, प्रहरीले पूर्वप्रमुख जिल्ला अधिकारी (सिडिओ) रिजाललाई चैत १७ गते सामान्य सोधपुछ गरेर त्यसैदिन जमानीमा छाडेको थियो । एकै मुद्दामा ओली-लेखकलाई १३ दिनसम्म हिरासतमा राखियो तर छानबिनलाई सामान्य सोधपुछपछि छाडियो । कर्मचारीप्रति सहानुभूति देखायो ।

कार्की आयोगको प्रतिवेदन सरकारले आधिकारिक रूपमा सार्वजनिक गरेको थिएन र अहिलेसम्म पनि गरेको छैन । ओली-लेखक पक्राउमा सरकारले प्रक्रियासँगै 'सेलेक्टिभ' व्यवहार गरेको भन्दै आलोचना भयो । नेपाली काङ्ग्रेसले सरकारको सेलेक्टिभ व्यवहार भएको भन्दै विरोध जनाएको थियो । उक्त कार्यलाई अदालतले प्रक्रिया नपुगेको भन्दै सरकारलाई अघि बढ्न रोकिदियो ।

२०८२ चैत १४ गते, अर्थात् सरकार गठन भएको भोलिपल्ट, पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखक पक्राउपछि सुरक्षाकर्मीको घेरामा ।

त्यस्तै, लुम्बिनी प्रदेश सभाकी एमाले सांसद रेखा शर्मालाई रिसिबी साँध्दै पक्राउ गरियो । काठमाडौँ जिल्ला न्यायाधीश जगत पौडेलको इजलासले २०८२ चैत २२ गते हिरासतमुक्त गर्न आदेश दियो । शर्मामाथि एक वर्षअघि श्रम शोषण गरेको आरोप लागेको थियो । त्यसै आरोपको आधारमा उनलाई २०८२ चैत १५ गते काठमाडौँ धुम्बाराहीस्थित निवासबाट पक्राउ गरियो । महान्यायाधिवक्ताको कार्यालयले २०८२ जेठ १६ गते शर्मामाथि मुद्दा नचल्ने निर्णय गरेकोले फेरि त्यही विषयमा प्रतिवादीलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने अवस्था नदेखिएको भनेको थियो । शर्माको हकमा महान्यायाधिवक्ताले गरेको निर्णयविरुद्ध थप प्रमाण खोजेर मुद्दा चल्न सक्छ । तर, अहिलेको पक्राउको कारण यो होइन । एकै विषयमा नयाँ जाहेरी लिएर पक्राउ गरिएको हो । सरकारको यो 'सेलेक्टिभ' व्यवहारलाई फेरि अदालतले रोकिदिएको थियो ।

व्यवसायीलाई पहिला थुन्ने अनि सुन्ने काम भयो । सम्पत्ति शुद्धीकरण अनुसन्धानका लागि व्यवसायी दीपक भट्ट, शङ्कर ग्रुपका सञ्चालक सुलभ अग्रवाल र शङ्करलाल अग्रवाल, पूर्वऊर्जामन्त्री दीपक खड्कालाई केन्द्रीय अनुसन्धान ब्यूरो (सिआईबी) ले पक्राउ गरेर हिरासतमा राखेको थियो । दीपक भट्टबाहेक सबै छुटिसकेका छन् । प्रमाण र प्रक्रियाको सूझबूझबेगर 'स्टन्ट' देखाउनैका लागि पक्राउ गरियो । यो राज्यआतङ्क केही समयदेखि रोकिएको छ ।

यता पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र पूर्वपरराष्ट्रमन्त्री आरजु राणा देउवालाई समेत पक्राउ पुर्जी जारी गरिएको थियो । सर्वोच्च अदालतले जेठ ११ गते देउवा दम्पतीलाई तत्काल पक्राउ नगर्न अन्तरिम आदेश जारी गरेको छ । न्यायाधीशद्वय महेश शर्मा पौडेल र नित्यानन्द पाण्डेयको इजलासले काठमाडौँ जिल्ला अदालतबाट जारी भएको पक्राउ पुर्जी कार्यान्वयन नगर्न आदेश दिएको हो । यो समाचार लेख्दालेख्दै पूर्वपरराष्ट्रमन्त्री राणालाई इपासपोर्ट खरिद प्रकरणमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले उनको बूढानीलकण्ठस्थित निवासमा म्याद तामेली गरेको छ ।

जब सरकारले मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक गर्‍यो, पहिलोपटक सांसद बनेका धेरैजसो चालीसमुनिका युवा मन्त्रीहरूको सम्पत्ति अस्वाभाविक देखियो । तोलाका-तोला सुन देखिएपछि मन्त्रिपरिषद् नै 'गोल्डेन' देखिएको भनी सार्वजनिक आलोचना भयो । छनोटका आधारमा डण्डा चलाइरहेका गृहमन्त्री सुधन गुरुङ नै विवादमा तानिए ।

सम्पत्ति शुद्धीकरण अनुसन्धानको हिरासतमा रहेका विवादास्पद व्यापारी दीपक भट्टसँग उनको व्यावसायिक साझेदारी र सेयर लगानी रहेको कुरा सार्वजनिक भएपछि उनीमाथि प्रश्न उठेको थियो । त्यस्तै, उनको सम्पत्ति विवरणमा नखुलाइएको शेयर लगानीको आय र स्रोतबारे सदनदेखि सामाजिक सञ्जालसम्म चर्को विरोध भएपछि उनले वैशाख ९ गते राजीनामा दिएका थिए ।

सरकारले गृहमन्त्री सुधन गुरुङ मन्त्री हुँदा र त्यसपछि उठेका सार्वजनिक सरोकारका विषयमा अध्ययन तथा छानबिन गर्न समिति गठन गर्‍यो । मन्त्रिपरिषद्को वैशाख २८ गतेको बैठकले उच्च अदालतका पूर्वन्यायाधीश अच्युतप्रसाद भण्डारी अध्यक्ष, महालेखा नियन्त्रक शोभाकान्त पौडेल र सहन्यायाधीवक्ता अच्युतमणि नेउपाने सदस्य रहेको समितिले १५ दिनभित्र सत्यतथ्य छानबिन गरी प्रतिवेदन बुझाउन भनियो ।

मन्त्रीमाथि उठेको प्रश्नको छानबिन संसदीय समितिमार्फत हुनुपर्थ्यो । सुधनलाई उन्मुक्ति दिन सरकार आफैँ छानबिनका लागि अघि सर्‍यो । स्मरण रहोस्, सरकारी छानबिन समितिले प्रतिवेदन सरकारलाई बुझायो । यद्यपि, सरकारले उक्त प्रतिवेदन अझैसम्म सार्वजनिक गरेको छैन । विगतमा रास्वपा सभापति रवि लामिछानेमाथि सहकारी ठगीको आरोपमाथि छानबिन पनि संसदीय समितिबाटै भएको थियो । गुरुङको प्रकरणमा त्यसो भएन । उनलाई उन्मुक्ति दिनैका लागि सरकार आफै अघि सर्‍यो । राजीनामापछि प्रधानमन्त्री साहले आफ्नै मातहत गृहमन्त्रालय राखेका थिए । कतै गुरुङलाई 'क्लीन चीट' त दिँदैन भन्ने आम आशङ्कालाई सरकारले पुष्टि गर्दै फेरि उनलाई गृह मन्त्रालयमै फर्कायो ।

संविधानविद् विपिन अधिकारी विधिको शासनको संस्कृति भएको मुलुकमा सरकारले गरेको सानोभन्दा सानो कुराको पनि अर्थ हुने बताउँछन् । सरकारको व्यवहारले कानुनको वैधता खोज्नेभन्दा पनि राजनीतिक रूपमा स्थापित गर्न खोजेको देखिन्छ, जुन गलत भएको उनको राय छ । ओली-लेखकको पक्राउ, नियमावलीलाई विशेष कानुनसरह बनाउनेदेखि सम्पत्ति छानबिनको विषय कानुनी भएकाले पनि यसमा राजनीति गर्न नहुने उनको भनाइ छ । उनी भन्छन्, "चित्त नबुझेकामाथि डन्डा चलाउने होइन । यसको प्रक्रिया हुन्छ । छिटो गर्ने नाममा प्रक्रिया मिच्न पाइँदैन ।"

सुरुमा ठुल्ठुला घोषणा गर्ने तर अदालतले रोकेपछि आफूअनुकूल तर्क गर्ने गरेको राजनीतिक विश्लेषक पुरञ्जन आचार्य बताउँछन् । त्यसैले सरकार 'सेलेक्टिभ' सँगै अपरिपक्व भएको उनको ठहर छ । संविधान र कानुनको सुझबुझ नभएको देखिन्छ । "कानुनी जटिलता आएपछि ब्याक हुने र त्यसपछि आफ्नो संरक्षण गर्न खोजेको देखिन्छ । यो गलत हो ।"

***समाज...***

समाजप्रति उत्तरदायी नागरिक बन्न प्रेरित गर्छ ।

**समाजशास्त्र : भविष्यको विषय**

आज विकासको मापन आर्थिक वृद्धिद्वारा मात्र हुँदैन । सामाजिक समावेशिता, लैङ्गिक समानता, वातावरणीय दिगोपन, मानव अधिकार, सामाजिक न्याय र समुदायको सहभागिता पनि विकासका महत्त्वपूर्ण आधार बनेका छन् । यी सबै विषयलाई बुझ्न र प्रभावकारी नीति निर्माण गर्न समाजशास्त्रीहरूको भूमिका झन् महत्त्वपूर्ण बन्दै गएको छ । समाजशास्त्र अध्ययन गरेका व्यक्तिहरू अनुसन्धान संस्था, विश्वविद्यालय, सरकारी सेवा, स्थानीय सरकार, गैरसरकारी संस्था, अन्तर्राष्ट्रिय विकास साझेदार संस्था, सामाजिक विकास परियोजना, नीति अनुसन्धान केन्द्र तथा सामाजिक उद्यमका क्षेत्रमा सफलतापूर्वक कार्य गर्न सक्छन् । त्यसैले समाजशास्त्र एउटा शैक्षिक विषय मात्र नभई समाज परिवर्तनको आधारशिला हो ।

समाजलाई सही रूपमा बुझ्न, सामाजिक समस्याको वैज्ञानिक विश्लेषण गर्न, अनुसन्धानमा आधारित समाधान खोज्न र समतामूलक समाज निर्माण गर्न समाजशास्त्रको अध्ययन अपरिहार्य छ । समाजशास्त्रले व्यक्तिलाई संवेदनशील, विश्लेषणात्मक, अनुसन्धानमुखी र जिम्मेवार नागरिक बनाउँछ । यसले समाजलाई हेर्ने दृष्टिकोण परिवर्तन गर्छ र सकारात्मक परिवर्तनका लागि कार्य गर्ने प्रेरणा दिन्छ ।

यदि हामी समृद्ध, न्यायपूर्ण, समावेशी र दिगो समाज निर्माण गर्न चाहन्छौँ भने समाजशास्त्रलाई केवल एउटा विषयका रूपमा होइन, समाज परिवर्तनको शक्तिशाली माध्यमका रूपमा स्वीकार गर्न आवश्यक छ । वास्तवमा समाजशास्त्रीहरू समाजका विश्लेषक, अनुसन्धानकर्ता, नीति-सल्लाहकार र समाजका वास्तविक 'सामाजिक इन्जिनियर' हुन् । उनीहरूको ज्ञान र अनुसन्धानले नै समाजलाई सही दिशा दिन, विकासलाई मानवीय बनाउन र भावी पुस्ताका लागि राम्रो समाज निर्माण गर्न महत्त्वपूर्ण योगदान पुर्‍याउँछ ।

**हार्दिक समवेदना**



जन्म : २००१/०४/०५
निधन: २०८३/०३/०६

नेपाल मजदुर किसान पार्टीका अग्रज कार्यकर्ता एवम् यस समितिका उपाध्यक्ष लक्ष्मीकेशरी सुवाल र सदस्य चम्पा ज्ञामरूका ससुराबुबा **बिकुराम बोहजु**को निधनको दु:खद घडीमा शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दै दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ ।

**नेपाल क्रान्तिकारी शिक्षक सङ्घ**
भ.न.पा.-८ एकाइ समिति, भक्तपुर

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा